भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.
च्याम्हासिंह, भक्तपुर–९, फोन नं. ६६१४६८६

शिक्षा शिविरसम्बन्धी सूचना

यस संस्थामा तपसिलको मिति, समय र स्थानमा **शिक्षा शिविर कार्यक्रम** हुने भएकोले यसअघि शिक्षा शिविरमा बस्न छुटेका सदस्य र नयाँ सदस्यता लिन इच्छुक महानुभावहरूमा सहभागिताको लागि हार्दिक अनुरोध गर्दछ ।

शिक्षा शिविर कार्यक्रम

मिति : २०८३ कार्तिक १४ गते, शनिबार
समय : बिहान ७:३० बजे
स्थान : संस्थाको सभाहल

पुनश्च: भविष्यमा ऋण सुविधा लिनको लागि शिक्षा शिविरमा अनिवार्य उपस्थित हुनुपर्नेछ ।

आयोजक
शिक्षा उपसमिति

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

भजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

WANTED

We are looking for energetic, enthusiastic, self motivated and experienced candidate for the following posts

* Pre Primary -1 | +2 Passed Montessori trained
* Lower Secondary -1| सामाजिक
Qualification: Minimum Bachelor Running
* Lower Secondary -1 | Mathematics
Qualification: Minimum Bachelor Running

Apply immediately with handwritten application

* आया दिदी - १ (साधारण लेखपढ । पकाउन जान्ने)

Learners' Academy
Secondary School
Ph: 6612496 / 9841271637
learners.edu@hotmail.com

★ वर्ष : २८ ★ अङ्क : २८० ★ ने. सं. ११४६ कौला थ्व, पञ्चमी ★ शुक्रबार ★ १३ कार्तिक, २०८३ ★ October 30, 2026, Friday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

भक्तपुरमा तीनदिने पुस्तक प्रदर्शनी सुरू

आत्मालोचना र आत्मसंयमको भावना विकास गर्नुपर्ने

भक्तपुर, १२ कार्तिक । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले रोटरी क्लब अफ भक्तपुरको आयोजनामा कार्तिक १२ देखि १४ गतेसम्म विद्यार्थी निकेतन माध्यमिक विद्यालयको प्राङ्गणमा हुने पुस्तक प्रदर्शनी बिहीबार एक समारोहबीच उद्घाटन गर्नुभयो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छेंले देश विदेशी प्रभावबाट गम्भीर रूपमा पीडित भइरहेको चर्चा गर्दै विदेशी प्रभावबाट मुक्त हुनु जरुरी भएको बताउनुभयो ।

कार्यक्रममा विमोचित पुस्तकबारे उल्लेख गर्दै उहाँले भन्नुभयो, "नेपाली लेखिकाले लेख्नुभएको पुस्तकमा उल्लेखित विषयका चित्रहरू नेपालको परिवेश र कला-संस्कृतिसँग मिल्दोजुल्दो भएको भए सुनमा सुगन्ध हुने थियो ।"

भक्तपुरको नवदुर्गाको मकुन्दो नाचमा भक्ति सन्देशमात्र नभई उक्त नाच मातृसत्तात्मक समाजको चित्रण भएको र त्यस नाचमा परिवारका सदस्यहरूको जिम्मेवारीबारे पनि चित्रण गरिएको धारणा अध्यक्ष बिजुक्छेंले व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "देशका निम्ति नि:स्वार्थपूर्वक काम गर्नु जरुरी छ । आत्मालोचना र आत्मसंयमको भावना विकास गर्नु पनि उत्तिकै जरुरी छ ।"

रोटरी क्लब अफ भक्तपुरका पूर्वअध्यक्ष नीलकृष्ण ताम्राकारले पुस्तक प्रदर्शनी आयोजना गरेर आयोजकले इतिहास रच्ने काम गरेको चर्चा गर्दै आगामी दिनमा पनि यस्ता कार्यक्रम हुने अपेक्षा व्यक्त गर्नुभयो ।

पुस्तक पढ्ने बानी बसाल्नु ज्ञान आर्जन गर्ने महत्त्वपूर्ण माध्यम भएको उहाँले बताउनुभयो ।




आयोजक समितिका अध्यक्ष दशरथ प्रजापतिको संयोजकत्वमा भएको कार्यक्रममा शङ्कर प्रधानाङ्ग, प्रभात राई, सुरेन्द्र श्रेष्ठ र रेश्मा राईले पनि बोल्नुभएको थियो ।

पुस्तक प्रदर्शनीसँगै विभिन्न विषयमा प्यानल छलफल तथा कविता वाचन कार्यक्रम पनि भएको थियो ।

संयुक्त राष्ट्रसङ्घमा क्युवाको जित

विश्वले फेरि नाकाबन्दीको विरुद्धमा आवाज उच्च पाऱ्यो



संयुक्त राष्ट्र सङ्घ, २९ अक्टोबर (ग्रान्मा) । संयुक्त राष्ट्र सङ्घको महासभाले स्थानीय समयअनुसार बुधबार क्युवाविरुद्ध अमेरिकाले लगाएको आर्थिक, व्यावसायिक र वित्तीय नाकाबन्दी अन्त्य गर्न आह्वान गरेको प्रस्तावलाई अत्यधिक मतले अनुमोदन गरेको छ । मतदानमा प्रस्तावको पक्षमा १३०, विपक्षमा १७ र २५ सदस्य राष्ट्र अनुपस्थित रहेका थिए ।

नतिजाले संरा अमेरिकाको उक्त बदनाम नीति हटाउनका लागि सदस्य राष्ट्रहरूको बहुमतको समर्थन पुष्टि गऱ्यो ।

मतदानको नतिजा घोषणा भएपछि क्युवाली कम्युनिस्ट पार्टीको केन्द्रीय समितिका प्रथम सचिव र गणतन्त्रका राष्ट्रपति मिगुएल डियाज-क्यानेल बर्मुडेजले आफ्नो सामाजिक सञ्जालमा लेख्नुभयो, "संसारले फेरि एक पटक नाकाबन्दीको विरुद्धमा ठुलो आवाज उठाएको छ, यो मतदानको मार्ग परिवर्तन गर्न संरा अमेरिकाको कडा दबाब र ब्ल्याकमेलमाथिको जित पनि हो ।"

राष्ट्रपतिले यो नतिजालाई वीर क्युवाली जनताका लागि विजयको रूपमा वर्णन गर्नुभयो, जसले वाशिङटन सरकारको आर्थिक गाली, धम्की र दुर्व्यवहारअगाडि आत्मसमर्पण गर्दैनन् ।

"सिङ्गो राष्ट्रलाई सामूहिक रूपमा दण्डित गर्ने झूट र कालोपत्र गर्नेमाथि सत्यको विजय हो," उहाँले भन्नुभयो ।

यसबाहेक, उहाँले संयुक्त राष्ट्र महासभामा अमेरिकी प्रतिनिधिमण्डलको अपमानजनक व्यवहारलाई उल्लेख गर्दै भन्नुभयो, "सामूहिक दण्डको रक्षा गर्न अमेरिकी साम्राज्यवादका प्रतिनिधिहरूले क्युवाली जनताको विरुद्धमा जारी नाकाबन्दी र प्रतिबन्धहरू उच्च मानवीय मूल्यसहितको घृणित प्रयास र मानव अधिकारको उल्लङ्घन हो । संरा अमेरिकाले विभिन्न देशका राजदूतहरूलाई विश्वास दिलाउन असफल भयो र कुनै पनि कुरा हासिल गर्न सकेन ।"

बाँकी पृष्ठ ८ मा

भक्तपुरमा विश्व पक्षघात दिवसको अवसरमा नि:शुल्क स्वास्थ्य परीक्षण

भक्तपुर, १२ कार्तिक । उपेन्द्र देवकोटा फाउन्डेसनको आयोजनामा विश्व पक्षघात दिवसको अवसरमा बिहीबार भक्तपुरको दत्तात्रयमा पक्षघातसम्बन्धी जनचेतनामूलक कार्यक्रम तथा नि:शुल्क स्वास्थ्य परीक्षण भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नसर्ने रोगको रोकथाम तथा नियन्त्रणका लागि जनचेतना अभिवृद्धि गर्नु महत्त्वपूर्ण रहेको बताउँदै भक्तपुर नगरपालिकाले घरदैलो नर्सिङ सेवामार्फत रक्तचाप, थाइरोइड तथा मधुमेहजस्ता नसर्ने रोगको परीक्षण गर्दै आएको उल्लेख गर्दै उहाँले यस्ता रोगबाट बच्न नियमित स्वास्थ्य परीक्षण र जनचेतना आवश्यक रहेको बताउनुभयो ।

रोग लागिसकेपछि धनसम्पत्तिको अर्थ नहुने बताउँदै उहाँले स्वस्थ रहन सके जीवनमा धेरै काम गर्न सकिने धारणा व्यक्त गर्नुभयो । स्ट्रोकजस्ता गम्भीर स्वास्थ्य समस्यामा समयमै लक्षण पहिचान गरी अस्पताल पुऱ्याउनु महत्त्वपूर्ण रहेको उहाँले बताउनुभयो । आधुनिक प्रविधिको विकाससँ गै स्वास्थ्य उपचार सहज हुँदै गएको उल्लेख गर्दै स्ट्रोकको शङ्का लागेमा ढिलाइ नगरी अस्पताल पुग्न उहाँले आग्रह गर्नुभयो ।



भक्तपुर नगरपालिकाले वडाध्यक्ष रवीन्द्र ज्याखवले भक्तपुरमा स्ट्रोकसम्बन्धी जानकारीमूलक कार्यक्रम आयोजना गरिएकोमा आयोजकलाई धन्यवाद व्यक्त गर्नुभयो । नि:शुल्क स्वास्थ्य परीक्षणमार्फत सर्वसाधारणलाई आफ्नो स्वास्थ्य अवस्थाबारे जानकारी प्राप्त गर्न सहज हुने बताउँदै उहाँले कुनै स्वास्थ्य समस्या नदेखिए पनि आफ्नो स्वास्थ्य अवस्थाबारे जानकारी राख्न यस्ता शिविरमा सहभागी भई नियमित स्वास्थ्य परीक्षण गराउन आग्रह गर्नुभयो ।

कार्यक्रममा उपेन्द्र देवकोटा फाउन्डेसनका प्रमुख कार्यकारी अधिकृत मिलन गुरुङले फाउन्डेसनले प्रत्येक वर्ष विश्व स्ट्रोक दिवस मनाउँदै आएको बताउनुभयो । भक्तपुरमा कार्यक्रम आयोजना गर्न सहज वातावरण र सहयोग प्राप्त भएको उल्लेख गर्दै उहाँले यसका लागि धन्यवाद व्यक्त गर्नुभयो ।

स्ट्रोक उमेर ढल्केका व्यक्तिलाई मात्र नभई युवा अवस्थामा पनि हुनसक्ने नगरवासीलाई सुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले ख्वप अस्पताल सञ्चालन गरेको बताउँदै उहाँले ख्वप अस्पतालमा सीटी स्क्यान सेवा उपलब्ध रहेको र आगामी दिनमा एमआरआई मेसिन खरिद गर्ने योजना रहेको जानकारी दिनुभयो ।

कार्यक्रममा वडा नं. ९ का

बाँकी पृष्ठ ८ मा

देशको अवस्थाबारे उब्जिएका प्रश्न

● चिकित्सकहरूले क्यान्सरको स्रोत सुर्तीजन्य पदार्थ नै भएको दोहोऱ्याउँदै छन् । मुटु, किड्नी, मिर्गौला रोगको स्रोत रक्सी, वियरलगायत मद्यपान भएको पनि प्रमाणित विषय हो । फलफूलमा रसको पाकेट, कोकाकोला, पेप्सीकोला, ड्युलगायत चिसो पेय पदार्थ पनि रोगका स्रोत भएको सार्वजनिक भएकै हो । तर, सरकारहरू राजस्व धेरै उठ्ने भनी रक्सी र वियर, चुरोटलगायतको प्रवर्द्धन गर्छन् । नेपाल प्रहरीका अनुसार कार्तिक ३ गते मादक पदार्थ सेवनकै कारण सामान्य रिसइवीमा पोखरामा एक व्यक्तिको हत्या भएको सार्वजनिक भयो । के सरकारको अर्थ राजस्व उठाउने निहुँमा आफ्नै जनतालाई मादक पदार्थ र सुर्तीजन्य वस्तु खुवाउनु हो र ?

नेपाली बिरामी भए स्वास्थ्य बीमा २५ सय रूपैयाँबाट १ लाख रूपैयाँको उपचार गराउन नसक्ने भनी २५ हजारमा झार्ने रास्वपा सरकार जनतालाई सुर्तीजन्य पदार्थ र मद्यपान गराई रोगी बढाउनेतर्फ किन लाग्यो ? मदिरापान गरी सवारी साधन चलाउने नरोकिँदा पनि दुर्घटना बढेको किन होइन ?

● मकवानपुर, काभ्रेपलाञ्चोक, चितवन, धादिङलगायत जिल्लामा सडकमा अन्न सुकाउने र पशुचौपाया छोड्ने हुँदा दुर्घटना बढेको सार्वजनिक भयो । यसले हालसम्म सरकारमा गएका पार्टी र तिनका नेताहरूले कृषि र पशुपालनलाई व्यवस्थित नगरेको पुष्टि भयो । विज्ञान र प्रविधि धेरै अगाडि बढिसकेको यो घडीमा सरकारहरूले सडकमा अन्न सुकाउन नपर्ने र पशुचौपाया छोड्न नपर्ने बन्दोबस्त किन गरेनन् ? सरकारमा पुगेकाहरूले समस्या देखाउने होइन समाधान गर्ने हो । देश र जनताको समस्या समाधान गर्न नसक्नेहरू सिंहदरबारमा पटक-पटक कब्जा गर्न पुग्नु नै अहिलेको सङ्कटको कारक किन होइन ?

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

विद्यालयस्तरीय खेलकुद प्रतियोगिता स्थगित गरिएको सूचना

नेपाल सरकार, मौसम पूर्वानुमान महाशाखाबाट बङ्गालको खाडीबाट उत्पन्न भएको 'अर्णव' चक्रवातको प्रभावको कारण देशको विभिन्न स्थानमा मेघगर्जन र चट्याङसहित भारी वर्षा र हिमपात हुने सम्भावना रहेकोले सम्पूर्ण जनतालाई सचेत रहन र सुरक्षा सतर्कता अपनाउन सार्वजनिक आग्रह गरेको सन्दर्भमा यस भक्तपुर नगरपालिकाको आयोजनामा यही २०८३ कार्तिक १३ गतेदेखि हुने **नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता** हाललाई स्थगित गरी २०८३ मङ्सिर ३ गते, बिहीबारदेखि सुरू गर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप - १५८

सुधारका लागि सुझाव

सेवा र सेवाग्राहीप्रति उत्तरदायी सार्वजनिक प्रशासन बनाउन कार्यसम्पादनको आधारमा वृत्ति विकासको अवसर, कामको अनुगमनपछि मात्र कार्यसम्पादन मूल्याङ्कन गर्ने प्रणालीको विकास गर्ने ।

पासपोर्ट र राष्ट्रिय परिचयपत्रको कार्ड वितरणमा एक महिना लाग्ने गरेको छ । १५ दिनभित्रै पाउने व्यवस्था गरिनुपर्छ ।

सवारी चालक अनुमति पत्रमा धेरै सुधार गर्नुपर्ने अवस्था देखिन्छ । लिखित परीक्षामै हुने धाँधली पूर्णरूपमा हटाइनुपर्दछ । ट्रायलमा आफ्नो बाइक वा गाडी लगेर ट्रायल गर्न दिइँदैन । सेटिङ नगरेको वा घुस नखुवाएको परीक्षार्थीलाई सवारी साधनको क्लच र आक्सिलेटर बिगारेर ट्रायल गराएर फेल गराइन्छ । त्यसैले निवेदकलाई आफ्नै सवारी साधनमा ट्रायल टेस्ट गराइनुपर्दछ ।

फ्रन्टलाइनबाट दिइने सरकारी सेवामा प्रभावकारिता बढाउन नागरिक

बाँकी पृष्ठ ३ मा



लाखे नाच प्रस्तुत

भक्तपुर नगरपालिका-५ टौमढीस्थित पाँचतले मन्दिर परिसरमा लाखे नाच प्रस्तुत गरिँदै । विश्व पक्षघात दिवसका अवसरमा आज सचेतनामूलक प्ले कार्डसहित व्यान्डबाजा बजाएर भक्तपुर नगर परिक्रमा गरिएको थियो । तस्बिर: रेणु त्वानाबासु/रासस

भक्तपुर नगरपालिकाको क्षयरोग वार्षिक समीक्षा



भक्तपुर, १२ कार्तिक । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगरपालिकाको आर्थिक वर्ष २०८२–८३ को क्षयरोगसम्बन्धी वार्षिक समीक्षा कार्यक्रम भयो ।

कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकामा क्षयरोग न्यूनीकरणको क्षेत्रमा राम्रो प्रगति भइरहेको बताउँदै क्षयरोग सरुवा रोग भएकोले यसको रोकथामका लागि जनचेतना अभिवृद्धि गर्न आवश्यक रहेको बताउनुभयो ।

उहाँले क्षयरोगको औषधि नियमित रूपमा सेवन गरेमा निको हुने भएकोले बिरामीले उपचारमा लापरबाही गर्न नहुने बताउनुभयो । पछिल्लो समय श्वासप्रश्वाससम्बन्धी रोगहरू बढ्दै गइरहेको उल्लेख गर्दै उहाँले क्षयरोगजस्ता रोगलाई देशैभरबाट उन्मूलन गर्न आवश्यक रहेको बताउनुभयो । क्षयरोग घातक रोगसमेत हुनसक्ने भएकोले यसको रोकथाम, समयमै पहिचान र नियमित उपचारमा सबै सचेत हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाभित्र सञ्चालनमा रहेको डट्स कार्यक्रमको वार्षिक प्रगति तथा उपलब्धिसम्बन्धी प्रस्तुति देखाइएको थियो ।

प्रस्तुतिमार्फत नगरभित्र क्षयरोग नियन्त्रणका लागि सञ्चालित कार्यक्रमको अवस्था तथा प्रगतिबारे समीक्षा गरिएको थियो ।

'सिधा कुरा जनतासँग' को कार्यक्रममा प्रसारित विषयबारे खवप माविको ध्यानाकर्षण

कार्तिक १० गते न्युज २४ टेलिभिजनको 'सिधा कुरा जनतासँग' कार्यक्रममा प्रसारित विषयमा खवप सेकेन्डरी स्कूलका प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्यले ध्यानाकर्षण गर्दै एक प्रेस वक्तव्य प्रकाशित गर्नुभएको छ । सो वक्तव्यमा भनिएको छ -

मिति २०८३ कार्तिक १० गते News 24 टेलिभिजनको 'सिधा कुरा जनतासँग' कार्यक्रममा प्रसारित विषयमा विद्यालयको ध्यानाकर्षण भएको छ ।

श्री बङ्गलामुखी फेसन सेन्टरले पटक पटक खवप माबि/खवप कलेजको सामानको टेन्डर पारेको तर सम्झौताबमोजिम इमानदारीपूर्वक कार्य नगर्ने प्रवृत्तिले यो काम कारबाही प्रक्रिया अगाडि बढेको तर्फ सबैको ध्यान आकृष्ट गर्न चाहन्छौं । मीरा नेपालीको नाममा दर्ता रहेको उक्त कम्पनीको सम्पूर्ण कार्य निजका पति अलाउदिन खानले गर्ने गर्छ ।

वि.सं. २०७८ सालमा खवप मा.वि., कक्षा ११ र १२ गरी दुई वर्ष अध्ययन गरेका १,७६० विद्यार्थीहरूको कोट, सर्ट र पाइन्टको कपडा उक्त कम्पनी (सेन्टर) ले सम्झौताभन्दा १३ महिना ढिलो आपूर्ति गरेको थियो । खवप माविमा दुई वर्ष अध्ययनको लागि भर्ना भएका विद्यार्थीहरूले उक्त पोशाक एक वर्ष पनि राम्रोसँग लगाउन पाएनन् । उक्त समयमा निजले आपूर्ति गरेको पोशाकको कपडा पिसमा सयौं विद्यार्थीका कोट एकथरीको कपडा, पाइन्ट एक थरीको कपडा गरी टुक्रा टुक्रा कपडा प्याकेटमा राखी आपूर्ति गरेको थियो । उक्त समय कोभिडको कारण देशव्यापी लकडाउनको स्थिति रहेकोले विद्यालयले निजको ढिलाइलाई स्वीकारी सामान बुझिलिएको थियो ।

२०७८ माघ ७ गते खवप कलेजको लागि युनिफर्मअन्तर्गत स्वेटर खरिदको सम्झौता भएको सामान आपूर्ति गर्नुपर्ने म्याद २०७८ फागुन २३ गतेभित्र आपूर्ति रहे पनि २०७९ असार ६ गते सम्झौताभन्दा ६ महिना ढिला आपूर्ति गर्दा त्यो बेला जरिवाना तिराइएको थियो । जाडो याममा समेत कलेजले विद्यार्थीहरूलाई स्वेटर वितरण गर्न सकेन ।

मिति २०८० वैशाख २० गते अर्को कम्पनी महालक्ष्मी सप्लायर्स एन्ड ट्रेडर्स प्रा.लि.को नाममा निज अलाउदिन खान पुन: बोलपत्रमा सहभागी भई कलेज पोशाकअन्तर्गत सर्त, पाइन्ट र कोटको कपडा आपूर्तिको लागि सम्झौता भएकोमा २०८१ असोज १६ गतेमात्र आपूर्ति गरेको जुन सम्झौताभन्दा ६ महिना पछिमात्र सामग्री आपूर्ति गरेको थियो । उक्त सम्झौतामा पनि समयमा सामान आपूर्ति नभएकोले जरिवाना तिराइएको थियो । त्यसउपर कुरा हुने क्रममा निजले नियमानुसार जरिवाना बुझाएको छु भन्ने दलिल प्रस्तुत गर्दै आएको छ । यसरी पटक-पटक सामान आपूर्ति ढिलाइ गरेको कारण अभिभावक, विद्यार्थी तथा विद्यालयलाई मर्का परेको विषय निवेदन गर्न चाहन्छु ।

यस पटकको ट्रयाक सुट आपूर्तिमा पनि सोही तरिकाले समयमा सामान नबुझाई नियमविपरीत कार्य गरेकोले हालको कारबाही अगाडि बढेको जानकारी गराउन चाहन्छु ।

उक्त कार्यक्रममा प्रसारित विषय देहायबमोजिम रहेको व्यहोरा अवगत गराउन चाहन्छु -

१. शैक्षिक वर्ष २०८३ मा भर्ना हुने विद्यार्थीको लागि विद्यार्थी पोशाकअन्तर्गत १,८०० थान ट्रयाक सुट खरिद/बिक्री सम्बन्धमा खवप मा.वि. र श्री बङ्गलामुखी फेसन सेन्टरबिच २०८२ चैत १२ गते भएको सम्झौतामा श्री बङ्गलामुखी फेसन सेन्टरले २०८३ जेठ ३१ गतेभित्र सबै ट्रयाक सुट तयार गरी विद्यालयमा बुझाउनुपर्ने सर्ट उल्लेख छ ।

२. सम्झौताअनुसार सामान आपूर्ति गर्न सम्झौताको समयावधि सक्नु अगाडि नै श्री बङ्गलामुखी फेसन सेन्टरलाई पटक-पटक फोनमार्फत सम्पर्क गरिए तापनि उक्त कम्पनीले सामान आपूर्ति गरेन । उक्त समयमा निजले ६०० थान जति तयार छ भनी मौखिक जानकारी गराएको र विद्यालयले सम्झौतामा उल्लेख भएअनुसार एकै पटक ल्याउन भनिएको थियो ।

३. सार्वजनिक खरिद ऐनअनुसार सामान आपूर्ति गर्नुपर्ने समय सीमा नाघ्नुभन्दा २१ दिन अगाडि नै सम्झौताको म्याद थपको लागि निवेदन दिनुपर्नेमा श्री बङ्गलामुखी फेसन सेन्टरले कुनै पनि निवेदन विद्यालयमा बुझाएन ।

४. सो सम्बन्धमा पहिले जस्तै उक्त कम्पनीले ढिला सामान आपूर्ति गर्ने र त्यसले अभिभावक तथा विद्यार्थीमा पर्ने समस्यालाई ध्यानमा राखी मिति २०८३ असार १ गते श्री बङ्गलामुखी फेसन सेन्टरलाई 'समयभित्र आपूर्ति नभएको ट्रायक सुट लिन विद्यालय बाध्य नहुने' व्यहोरा उल्लेख गरी पत्राचार गरेको पत्र श्री बङ्गलामुखी फेसन सेन्टरका प्रतिनिधि अलाउदिन खानले बुझिलिएको थियो । सो समयमा पनि निजले ९०० थान ट्रयाक सुट तयार रहेको जानकारी मौखिक रूपमा गराएको थियो । विद्यालयले सम्झौतामा उल्लेख भएबमोजिम एकै लटमा सम्पूर्ण सामान बुझाउन भनिएको थियो ।

५. शैक्षिक वर्ष २०८३/८४ मा यस विद्यालयमा भर्ना भएका विद्यार्थीहरूको कक्षा २०८३ असार १ गतेदेखि सुरु भयो । निजले सामान समयमा आपूर्ति नगरेको कारण हालसम्म पनि विद्यार्थीलाई ट्रायक सुट उपलब्ध गराउन नसकेकोले अभिभावक, विद्यार्थी तथा विद्यालय मर्कामा परिरहेको छ ।

६. पटक-पटक निज अलाउदिन खानमार्फतको कम्पनीले विद्यालय तथा कलेजमा नियमानुसार सामान आपूर्ति नगरेकोले २०८३ भदौ १२ गते विद्यालय सञ्चालक समितिको बैठकले ७ दिनभित्र सामान आपूर्ति नगरे धरौटी जफत गरी सम्झौता रद्द गर्ने निर्णय गरेको थियो ।

७. सो सम्बन्धमा खवप मा.वि.बाट २०८३ भदौ १५ गते श्री बङ्गलामुखी फेसन सेन्टरलाई ७ दिनभित्र सम्झौताबमोजिमको सबै ट्रायक सूट आपूर्ति गर्न र ७ दिनभित्र सामान आपूर्ति नभएमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार खरिद सम्झौता अन्त्य गरी आवश्यक थप कारबाही भई जाने उल्लेख गरी पत्राचार गरिएको पत्र निज अलाउदिन खानले विद्यालयमा आई बुझिलिएको थियो । उक्त पत्र बुझिलिएअनुसार समयसीमामा सामान नबुझाएको र उल्टो निज विद्यालयको सम्पर्कमा समेत आएन । उक्त पत्रअनुसारको समय सीमामा निजले सामान नबुझाएबाट यसअगाडि निजले ९०० थान ट्रयाक सुट तयारी छ भनिएको कुरा झूटा ठहरिएको देखिन्छ । सम्झौताको बुँदामा सम्पूर्ण सामान एकै लटमा लिने उल्लेख छ ।

८. श्री बङ्गलामुखी फेसन सेन्टरले यस विद्यालयलाई जानकारी नै नदिई २०८३ असोज १९ गते अर्थात सम्झौतामा तोकिएको भन्दा १०९ दिन ढिलो हुने गरी दुइटा गाडीमा ट्रयाक सुट लोड गरी विद्यालय प्राङ्गणमा ल्याई बिहानदेखि रोकिराखेको थियो ।

९. धरौटी जफत गरी सम्झौता अन्त्य गर्ने निर्णयसमेत भइसकेको अवस्थामा विद्यालयमा ल्याएको ट्रयाक सुट बुझिलिन नमिल्ने व्यहोरा विद्यालयले निजलाई जानकारी गराएको थियो ।

१०. विद्यालय प्राङ्गणमा रोकिराखेको गाडीमा रहेको ट्रयाक सुट निजले फिर्ता नलगेपछि सञ्चालक समितिको धरौटी जफतसहित सम्झौता अन्त्य गर्ने सम्बन्धमा भएको पूर्व निर्णयलाई मध्यनजर गरी विद्यालयले उक्त सामान सुरक्षित राखेको छ । सञ्चालक समितिको निर्णयअनुसार ट्रयाक सुट खरिद सम्बन्धमा नयाँ सूचना प्रकाशित भइसकेको छ ।

११. श्री बङ्गलामुखी फेसन सेन्टरका अलाउदिन खानले सामानको चलानी बुझ्न धम्कीपूर्ण व्यवहार गरेकोले धम्कीपूर्ण व्यवहारले विवाद समाधान नहुने भनी सम्झाइबुझाइ गरी कार्यालय कोठाबाट निजलाई बाहिर ल्याउने क्रममा निजलाई कुटपिट गऱ्यो भन्ने झूटा जाहेरी निजले भक्तपुर जिल्ला प्रहरी कार्यालयमा दर्ता गराएको थियो । सो सम्बन्धमा प्रहरी परिसर भक्तपुरमा विद्यालयले बुझाएको सीसी टीभी फुटेज सुरक्षित छ ।

१२. श्री बङ्गलामुखी फेसन सेन्टरका अलाउदिन खानमाथि यस विद्यालयका कर्मचारीले हातपात गरेको दाबी पूर्णतया झूटो हो । यस सम्बन्धमा निजले जिल्ला प्रहरी कार्यालय भक्तपुरमा जाहेरी दिएको हुँदा विद्यालयका प्रतिनिधिहरू २०८३ असोज २० गते प्रहरी परिसर, भक्तपुरमा उपस्थित भई सोबारे स्पष्ट पारेको थियो । साथै प्रहरी कार्यालयबाट कुनै कानुनी प्रक्रिया सो ठाउँबाट अगाडि बढाउनुपर्ने खालको घटना नभएको भनी निजलाई जानकारी गराएको थियो । त्यसपश्चात् निजले प्रहरी प्रमुखसमक्ष यहाँबाट कुनै कारबाही नभए म अन्तै जान्छु भनी अभिव्यक्ति दिएको थियो । यसरी सम्पूर्ण रूपमा कानुनी प्रक्रियामा रही विद्यालयले आफ्नो काम कारबाही अगाडि बढाउँदै आएको सबैमा निवेदन गर्दछु ।

यसबारे थप जानकारी आवश्यक भएमा विद्यालयमा सम्पर्क गर्न सकिने छ, धन्यवाद !

संरक्षणको अभावमा ऐतिहासिक बलामकोट दरबार भग्नावशेष

बागलुङ, १२ कार्तिक । बागलुङ नगरपालिका-८ सिँगानास्थित ऐतिहासिक बलामकोट संरक्षण अभावमा ओझेलमा परेको छ । त्यस बेलाका भुरेटाकुरे राजाले राज्य सञ्चालन गरेको मानिएको बलामकोट दरबार संरक्षण नहुँदा भग्नावशेषसमेत माटोमा पुरिएको छ ।

हाल त्यस क्षेत्रमा माटाका ढिस्का मात्रै देखिन्छन् । समयमै संरक्षण र उत्खनन् हुन नसक्दा ऐतिहासिक महत्त्व बोकेको उक्त स्थल लोप हुने अवस्थामा छ ।

बाइसे-चौबिसे राज्यका पालामा बलामी नामका राजाले बलामकोटबाट राज्य सञ्चालन गरेको ऐतिहासिक इतिहास छ । त्यस क्षेत्रको करिब तीन रोपनी जग्गामा खनजोत गर्ने क्रममा इँटा, दियो, ओखल तथा दरबारका अन्य भग्नावशेष फेला परेको स्थानीय राजन कार्कीले जानकारी दिनुभयो ।

उक्त दरबारबाट राज्य सञ्चालन गर्ने राजाले हतियार भण्डारणका लागि हाल सिँगाना र रेशमस्थित कोतघर प्रयोग गरेको बताइन्छ । त्यो कोतघर नजिक बलामकोट दरबार रहेको अनुमान गरिएको स्थानीयको भनाइ छ ।

उक्त ऐतिहासिक स्थलको उत्खनन गरी भग्नावशेष सङ्कलन तथा संरक्षण गर्नुपर्ने स्थानीय कविराज जिसीले बताउनुभयो । उहाँका अनुसार सिँगानाबाट रेश, दमेकलगायत स्थानमा राज्य सञ्चालन भएको पाइएको छ ।

नेपालको इतिहासमा राज्य सञ्चालन गरेको महत्त्वपूर्ण स्थल, रानी तथा भूमे मन्दिर र कोतघरसँग सम्बन्धित ऐतिहासिक महत्त्व बोकेको बलामकोटको संरक्षण गरी पर्यटनसँग जोडनुपर्ने स्थानीयको माग छ । त्यस क्षेत्रसँग सम्बन्धित सिँगाना कोतघर पुनर्निर्माण गरी आकर्षक बनाइए पनि त्यससँग जोडिएको बलामकोट भने संरक्षणको अभावमा मासिँदै गएको छ ।

उक्त नगरपालिका-८ का वडाध्यक्ष छमबहादुर कार्कीले कोतघरको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी पुनर्निर्माण तथा संरक्षण गरिएको भए पनि बलामकोटको संरक्षण गर्न नसकिएको बताउनुभयो ।

बडादसैँका अवसरमा सिगाना कोतघरमा चहलपहल भए पनि कुनै समय राज्य सञ्चालन भएको बलामकोट भने सुनसान रहँदै आएको छ । अहिले उक्त स्थान वनभोजस्थलका रूपमा प्रयोग हुन थालेको छ । ***(रासस)***

भरोसा बचत तथा ऋण सहकारी संस्था लि.
सू.न.पा.-९, पलाँसे, भक्तपुर

१९ औं वार्षिक साधारणसभासम्बन्धी सूचना

यस भरोसा बचत तथा ऋण सहकारी संस्था लि. को २०८३/०७/०७ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयबमोजिम संस्थाको **१९ औं वार्षिक साधारणसभा** निम्न मिति, समय र स्थानमा हुने व्यहोरा सहर्ष जानकारी गराउँदै सम्पूर्ण शेयर सदस्य महानुभावहरूमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

कार्यक्रम

मिति : २०८३ मङ्सिर १९ गते, शनिबार
समय : बिहान ११:०० बजेदेखि ३:०० बजेसम्म
स्थान : शिक्षा इङलिस स्कूल, पलाँसे, भक्तपुर

रामकृष्ण खत्री
सचिव

सङ्क्षिप्त समाचार

सरकारी अनुदान मिलाइदिने भन्दै पाँच करोड ८० लाख ठगी

काठमाडौँ, १२ कार्तिक । कृषि फार्म सञ्चालनका लागि सरकारबाट सहुलियत अनुदान मिलाइदिने भन्दै रु. पाँच करोड ८० लाख ठगी गर्ने दुई जना पक्राउ परेका छन् ।

केन्द्रीय अनुसन्धान ब्यूरोको टोलीले काठमाडौँ महानगरपालिका-१४ ताहाचलका ५२ वर्षीय श्रीकृष्ण महर्जन र ललितपुर महानगरपालिका-१४ नखिपोटका ६० वर्षीय नारायण खनाललाई पक्राउ गरेको हो ।

जालिम सिंह महतोको जाहेरीका आधारमा सिआइबीको टोलीले उनीहरूलाई पक्राउ गरेको हो । उनीहरूले विभिन्न मन्त्रालयका कर्मचारीसँग राम्रो चिनजान भएको भन्दै कृषि फार्मका लागि सहुलियत अनुदान मिलाइदिने भन्दै पटक-पटक गरी उक्त रकम ठगी गरेको ब्यूरोका प्रहरी उपरीक्षक योगेन्द्रकुमार खड्काले जानकारी दिनुभयो । ***(रासस)***

हुम्ला–सुर्खेत सडक जीर्ण

हुम्ला, १२ कार्तिक । हुम्ला-सुर्खेत सडक जीर्ण हुँदा यात्रीलाई सास्ती भएको छ । वर्षा होस् वा घाम, जुनसुकैबेला पहिरो खसिरहने भएकाले यात्रा गर्न कठिन भएको हो । सडकको दयनीय अवस्थाका कारण यात्रुले निरन्तर सास्ती भोग्नुपरेको छ । कर्णाली करिडोरको यो वास्तविकताले सडक निर्माण, स्तरोन्नति र व्यवस्थापनमा सरकारको भूमिकामाथि पुन:प्रश्न उब्जाएको छ ।

नेपालगन्जको जमुनाहादेखि चीनको सीमावर्ती हिल्सासम्म जोड्ने महत्त्वपूर्ण सडकका रूपमा रहेको कर्णाली करिडोर वर्षौंदेखि यात्रुका लागि सास्तीको माध्यम बनिरहेको छ ।

विकास र समृद्धिका ठुला विषयको उठान भए पनि कर्णालीवासीले सुरक्षित सडकमा यात्रा गर्न पाएका छैनन् । सडक निर्माण तथा स्तरोन्नतिका लागि वर्षौंदेखि बजेट खर्च हुँदै आए पनि नागरिकले सहज यात्राको अनुभूति गर्न सकेका छैनन् । यसर्तफ सरकार र कर्णाली प्रदेश सरकारको ध्यानाकर्षण हुनुपर्दछ ।

कर्णाली करिडोर हुम्लालाई राष्ट्रिय सडक सञ्जालसँग जोड्ने महत्त्वपूर्ण मार्ग हो । उक्त सडकले स्थानीय नागरिकको आवतजावत, खाद्यान्न तथा दैनिक उपभोग्य वस्तुको ढुवानी, स्वास्थ्य उपचार र पर्यटनसँग प्रत्यक्ष सम्बन्ध राख्छ, तर सडकको जोखिमपूर्ण अवस्थाका कारण नागरिकले सहज र सुरक्षित यात्राको प्रत्याभूति पाउन सकेका छैनन् ।

प्राकृतिक विपत्तिका कारण पहिरो तथा सडक अवरुद्ध हुने समस्या देखिए पनि जोखिम न्यूनीकरण, नियमित मर्मतसम्भार र निर्माण भएका संरचनाको गुणस्तर सुनिश्चित गर्नु सम्बन्धित निकायको जिम्मेवारी हो । कर्णालीवासीको अपेक्षा विकासका आश्वासन र भाषणमा मात्रै सीमित छैन । उनीहरू सुरक्षित सडक र भरपर्दो यातायात सुविधा चाहन्छन् । ***(रासस)***

कार्तिक १५ गतेदेखि सुरुङमार्गमा शुल्क लाग्ने

काठमाडौँ, १२ कार्तिक । नागढुङ्गा सुरुङमार्ग निर्माण आयोजनाले यही कार्तिक १५ गतेदेखि सुरुङमार्ग सडकको उपयोग गर्ने सवारीसाधनलाई दस्तुर (टोल शुल्क) लगाउने भएको छ । आयोजनाले आज सार्वजनिक सूचना जारी गरेर सडक बोर्ड नेपालको कार्यकारी समितिको गत असोज १२ गतेको निर्णयअनुसार यही कार्तिक १५ गतेदेखि टोल शुल्क उठाउन लागेको हो ।

सरकारले २०८२ चैत २६ गते राजपत्रमा सूचना प्रकाशित गरी नागढुङ्गा-नौबिसे सुरुङमार्गमा सवारीसाधन गुडाउने शुल्क निर्धारण गरेको थियो । सरकारले सवारीसाधनको क्षमताअनुसार सुरुङमार्गको प्रयोग गर्ने सवारीसाधनका लागि छुट्टाछुट्टै दस्तुर निर्धारण गरेको छ । कार, भ्यान, पिकअप, ट्रयाक्टर, माइक्रोबस र अन्य हलुका सवारीसाधनका लागि काठमाडौँ प्रवेश गर्दा रु. ६५ र सोही वर्गका सवारीसाधन काठमाडौँबाट प्रस्थान गर्दा भने रु. ६० तोकिएको छ ।

त्यस्तै, मिनीबस, मिनी टिपर/ट्रकका लागि काठमाडौँ प्रवेश गर्दा रु. १२५ र काठमाडौँबाट प्रस्थान गर्दा भने रु. ८० दस्तुर तोकिएको छ ।

त्यसैगरी बस, ट्रक (सिङ्गल रियर एक्सल) सवारीको लागि काठमाडौँ प्रवेश गर्दा रु. २६० र काठमाडौँबाट प्रस्थान गर्दा रु. २०० दस्तुर तोकिएको छ । त्यसैगरी मल्टिएक्सल ट्रक/सवारीसाधन, भारी उपकरणको लागि काठमाडौँ प्रवेश गर्दा रु. ६०० र काठमाडौँबाट प्रस्थान गर्दा रु. २५० दस्तुर तोकिएको छ । यो सुरुङमार्ग गत साउन ११ गते उद्घाटन गरेर सवारीसाधन परीक्षणका रूपमा सवारीसाधन गुडाउँदै आइरहेको छ । ***(रासस)***

दर्ता नं: ३०३(१८२)०६४/६५
"आर्थिक स्वतन्त्रता र विकासका लागि सहकारीता"
सुकुन्दा बचत तथा ऋण सहकारी संस्था लि.
जगाती-७, भक्तपुर फोन नं. ०१-६६११२००

१९ औँ वार्षिक साधारणसभासम्बन्धी सूचना

यस संस्थाको **१९ औँ वार्षिक साधारणसभा** निम्न मिति, समय र स्थानमा हुने व्यहोरा सम्बन्धित सबै शेयर सदस्यहरूको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै मङ्सिर ३ र ४ गते उपस्थिति भत्ता कार्यालय समय अवधिमा वितरण गरिनेछ ।

कार्यक्रम

मिति : २०८३ मङ्सिर ५ गते, शनिबार
समय : बिहान १०:०० बजे
स्थान : सिद्धि गणेश तालिम हल, खँचा-७, भक्तपुर

नोट : सम्पूर्ण शेयर सदस्यहरूको उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।



तातोपानी कुण्डमा स्नान गर्नेको घुइँचो

म्यार्दीको बेनी नगरपालिका-४ मा रहेको प्राकृतिक सिंगा-तातोपानी कुण्डमा स्नान गर्नेहरूको घुइँचो । म्यार्दी नदीको किनारमा बिरेनुनको गन्धमा ५० डिग्री सेल्सीयस तापक्रममा निस्कने तातोपानी सङ्कलन गरिएको पोखरीमा स्नान गरेर चोट पटक लागेको, ढाड दुख्ने, ग्यास्ट्रिक र चिसोका कारण हुने स्वास्थ्य समस्या भएका बिरामीहरूको घुइँचो लागेको छ । *तस्बिर: सन्तोष गौतम/रासस*

मस्तिष्कघातबाट ५० हजारभन्दा बढी प्रभावित

काठमाडौँ, १२ कार्तिक । मुलुकमा प्रत्येक वर्ष मस्तिष्कघातबाट ५० हजारभन्दा बढी मानिस प्रभावित हुने गरेका छन् । विश्व मस्तिष्कघात दिवसका सन्दर्भमा नेपाल पक्षघात सङ्घका निवर्तमान अध्यक्ष राजु पौडेलले राससँगको कुराकानीमा उक्त तथ्य प्रस्तुत गर्नुभएको हो ।

'हरेक मिनेट महत्त्वपूर्ण हुन्छ' नाराका साथ आज नेपालमा पनि मस्तिष्कघातका दिवस मनाउन लागिएको छ । नेपालमा प्रत्येक १० मिनेटमा एक जनामा मस्तिष्कघात हुने गरेको उहाँले बताउनुभयो ।

अध्यक्ष पौडेलले भन्नुभयो, "मस्तिष्कघात मस्तिष्कको कुनै भागमा रक्तसञ्चार नभएमा हुने गर्दछ, मस्तिष्कमा अक्सिजन तथा पोषक तत्वको कमी भएमा रक्त धमनीमा रगत जम्मा भएर अवरोध हुँदा मस्तिष्कले आफ्नो नियन्त्रण गुमाउँछ, त्यसैलाई मस्तिष्कघात भनिन्छ ।"

नेपालमा मस्तिष्कघातको वर्तमान अवस्था र उपचारका लागि गरिने उपायको खोजी गर्न सन् २०१७ मा नेपाल पक्षघात सङ्घ स्थापना गरी विभिन्न कार्यक्रम हुँदै आएको छ । डा पौडेल मस्तिष्कघातको उपचारका लागि अन्तर्राष्ट्रिय मापदण्ड तय गरिँदै आएको बताउनुभयो ।

सङ्घले जर्मनीको हाइडलबर्गको युनिभर्सिटी हस्पिटलसँग पक्षघात सहकार्य गर्दै आएको छ । त्यसैगरी, जिआइजेड, विश्व स्वास्थ्य सङ्गठनलगायत संस्थासँगको सहकार्यमा मस्तिष्कघातसम्बन्धमा काम गर्दै आएको छ । विश्वभर प्रत्येक वर्ष मस्तिष्कघातका कारण एक करोड २० लाख मानिस प्रभावित हुँदै आएका छन् । प्रभावितमध्ये ५० प्रतिशतको मस्तिष्कघातका कारण मृत्यु हुने गरेको डा पौडेलले बताउनुभयो ।

नेपालजस्तो अल्पविकसित र विकासोन्मुख देशमा मस्तिष्कघातको दर बढी भएकाले सरकारले समयमै ध्यान दिनु जरुरी रहेको उहाँको भनाइ छ । नेपालमा अहिले मस्तिष्कघात भएकामध्ये १५ देखि २० प्रतिशतको मृत्यु हुने गरेको बताइन्छ ।

उहाँका अनुसार उच्च रक्तचाप, मधुमेह, मोटोपन, धुमपान, निष्क्रिय जीवन पद्धति, असन्तुलित आहार र मुटुको चाल गडबड हुँदा पक्षघातको सम्भावना हुने भएकाले त्यसप्रति सतर्क रहनुपर्छ ।

सन्तुलन गुम्नु, अनुहार बाङ्गो हुनु, आँखाको ज्योति अचानक गुम्नु, बोली लरबराउनु, हातखुट्टा लुलो हुनु पक्षघातको लक्षण भएको र यस्ता लक्षण देखिए चार घण्टाभित्रै अस्पताल पुग्न सके उपचार सम्भव रहेको डा पौडेल बताउनुहुन्छ । मस्तिष्कघात हुँदा शरीरमा रगत जम्ने भएकाले रगत पातलो बनाउने औषधि प्रयोग गरेर बिरामीको उपचार गर्नुपर्ने र यसका अतिरिक्त बिरामीलाई फिजियोथेरापी गर्नुपर्ने हुन्छ ।

कार्की...

सहायता कक्ष बनाउनुपर्दछ । फोटोकपी, स्क्यान, फोटो खिच्नेजस्ता सानातिना कामहरू त्यही टेबलबाट गरिदिने व्यवस्था मिलाउनुपर्दछ ।

नागरिक सेवामा क्रियाशील कर्मचारीहरू शासकीय दम्भ नराखी सेवाग्राहीप्रति विनम्र तथा सहयोगी हुनुपर्ने । तोकिएको कार्य जिम्मेवारीपूर्वक पूरा नगर्ने कर्मचारीलाई विभागीय प्रमुखले नै कारबाही गर्नसक्ने कानुनी प्रबन्ध गर्नुपर्दछ ।

मालपोत कार्यालयबाट जग्गा नामसारी र राजीनामा गर्दा धेरै झन्झट व्यहोर्नुपर्दछ । विचौलियाबिना काम नहुने गरेको छ । आफ्नो बाबु आमाको देहावसानपछि उत्तराधिकारी सन्तानको नाममा नामसारी गर्दा पनि घुस खुवाउनुपर्दछ । यसकारण, मालपोतमा दर्ता गर्ने बित्तिकै अटोमेसनबाट काम गराइनुपर्दछ । कुनै कुरा नमिलेको भए यो यो मिलाएर वा यो यो प्रमाण लिएर आएमा काम हुन्छ भनी लिखित दिने प्रणाली विकास गर्नुपर्दछ ।

जग्गा पारित गरिँदा राजस्व कम गर्न मालपोतका कर्मचारीसँगको मिलेमतोमा विचौलियाले सिकाएर लाभकरमा राजस्व गुमाइने गरेको छ । राजस्व लोप नहुने सफ्टवेयर विकास गरिनुपर्दछ ।

नागरिक सेवामा अत्यधिक खर्च होइन प्रभावकारी सुपरीवेक्षण र अनुगमन व्यवस्था गर्नुपर्छ । सुलभ नागरिक सेवा स्थापित गराउनतिर सरकारको ध्यान जानुपर्दछ ।

सङ्घीय शासन प्रणालीमा तीन तहका सरकार सङ्घ, प्रदेश र स्थानीय सरकारमा कर्मचारीको पूर्ण व्यवस्थापन गर्न तत्काल सङ्घीय निजामती सेवा ऐन जारी गर्नुपर्दछ ।

सरकारी तहमा हुने काममा राजनीतिक तह र कर्मचारीको जवाफदेहिता स्पष्ट पारिनुपर्दछ । एकआपसमा अहस्तक्षेपको लागि प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्दछ ।

सङ्घीय गणतन्त्रको भावना र सिद्धान्तलाई कार्यान्वयन गर्न आवश्यक संरचना, कर्मचारी सङ्ख्या, आवश्यक ज्ञान, सीप र उत्प्रेरणा, व्यावसायिकताको अभिवृद्धि, उच्च मनोबल कायम हुने गरी कर्मचारी व्यवस्थापन, उनीहरूको वृत्ति विकास र वैज्ञानिक कार्यसम्पादन मूल्याङ्कन गर्ने प्रणालीलाई दण्ड र पुरस्कारसँग जोड्ने ।

हालको राष्ट्रिय सतर्कता केन्द्रको पुन:संरचना गरी छरितो र प्रभावकारी सुशासन आयोग बनाउने । यसको नेतृत्व संसारका सुशासनको असल अभ्यासहरूको ज्ञान भएको विज्ञलाई गराउने र पदाधिकारी चयन गर्दा निश्चित मापदण्डको प्रतिस्पर्धात्मक विधिबाट गर्नुपर्ने । साथै यसमा वरिष्ठ सरकारी अधिकारीहरू पनि समावेश गर्ने ।

उत्प्रेरणाको वस्तुगत मार्गचित्र बनाउने एवम् उत्प्रेरणाका विषय र शासकीय प्रणालीलाई आवद्ध गर्ने । कर्मचारीको न्यूनतम तलब बजार मूल्यअनुरूप कायम गर्न समय समयमा तलब पुनरावलोकन समितिले दिएका सुझावको कार्यान्वयन गर्ने ।

सबै सरकारी काममा प्रविधिको प्रयोग गरेर सरकारी कामको लागत कम गराउने र सेवा प्रवाहको समय बचाउने, सेवाको गुणस्तर र प्रभाकारिता बढाउने । सेवा लिनको लागि नागरिकको समय र खर्च कम गर्ने उपाय अवलम्बन गराउने । सबै सरकारी भुक्तानीहरू नगदमा नभई डिजिटल भुक्तानी (Cashless) र सेवा प्रदायक र सेवा प्राप्त गर्ने व्यक्ति भेट्नु नपर्ने (Faceless) व्यवस्थाको विकास गर्ने ।

सरकारी सवारी साधनको दुरूपयोग रोक्नुपर्छ । जथाभावी मोटरसाइकल र स्कुटर खरिद गरेर मनलाग्दी रूपमा प्रयोग गराएको पाइन्छ । इन्धन र मर्मतमा अपार रकम खर्च हुने गरेको छ । जथाभावी गाडीलगायत बाइक खरिद गर्न निषेध गर्नुपर्दछ । गाडी मर्मतमा पनि व्यापक चुहावट हुने गरेको छ । मर्मतमा अनावश्यक सरकारी बजेट दुरूपयोग रोक्नुपर्दछ ।

मोटरसाइकल मोडिफाई गरी ध्वनि प्रदूषण गराउने कार्यमा रोक लगाउनुका साथै आगामी दिनमा कुनै पनि मोटरसाइकल च्यालीमा पूर्णरूपमा रोक लगाउनुपर्छ ।

२४ गते काठमाडौँको घटना सामाजिक सञ्जालमा आउँदा उपत्यका बाहिरका प्रहरीहरूको मनोबलमा नराम्रो प्रभाव परेकोले देशको एउटा स्थानमा हुने घटनाले अरु स्थानमा समेत असर गर्ने भएकोले सो विषयमा ध्यान केन्द्रित गरी आवश्यक कदम चाल्नुपर्ने ।

संसद् भवनलगायत नेपाल सरकारका मन्त्रालय, सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत, राजस्व/भन्सार कार्यालय तथा ऐतिहासिक धरोहरमा कार्यरत नेपाल सरकारका प्रमुखलाई अनिवार्य रूपमा कार्यालयको Layered defense system सहित समग्र सुरक्षाबारे प्रशिक्षण दिइनुपर्ने र कार्यालयको बजेटबाट सुरक्षाको लागि चाहिने मापदण्ड पूरा गर्नुपर्ने ।

समग्र शान्ति सुरक्षाको विषय गम्भीर र संवेदनशील भएकोले गृहमन्त्रालयमा प्र.जि.अ. को रूपमा खटाउन Ministerial cadre को रूपमा जनशक्ति व्यवस्थापन गरिनुपर्ने ।

विश्वव्यापी रूपमा डिजिटल र साइबर माध्यमबाट सुरक्षा खतराहरू उत्पन्न भइरहेको परिस्थितिमा NID मा आन्तरिक र बाह्य सूचना सङ्कलन र प्रति जासूसीका लागि अत्याधुनिक प्रविधिसहितको संयन्त्र र अन्य सुरक्षा निकायहरूमा समेत सामाजिक सञ्जालमा आउने Misinformation, Disinformation, सुरक्षा जोखिमहरूका पूर्वसङ्केतहरूको Early tracking, Source identification र गहिरो पूर्वानुमान गर्नसक्ने अत्याधुनिक साइबर तथा Technical intelligence संरचनाहरूको स्थापना र यसको समयानुकूल अद्यावधिक (Update) हुने प्रणाली तत्काल लागू हुनुपर्ने, NID मा Cyber unit समेत नभएकोले सोको व्यवस्थापन गर्नुपर्ने ।

। सम्पादकीय ।

संरा अमेरिकी सरकार ४०० खर्ब डलर ऋणमा !

संरा अमेरिकाका खोज पत्रकार किट क्लारेन वर्गले 'दि ग्रेजोन' सञ्चारमाध्यममार्फत नेपालमा गत वर्ष भदौ २३ र २४ गतेको उपद्रव संरा अमेरिकी सरकारको केन्द्रीय गुप्तचर संस्था सीआईएअन्तर्गतका संस्थाहरूमार्फत २ करोड डलरभन्दा बढी खर्च गराइएको केही महिनाअघि सार्वजनिक भएको थियो । यतिबेला नेपालका केही विश्लेषकहरू संरा अमेरिकी सरकार अब गैरसरकारी संस्थामार्फत होइन अब सोझै नेपाली सेनामा प्रभाव जमाउन लागेको बताउँदै छन् । यो विश्लेषण अझ पुरानो देखियो । किनभने, गत वर्ष भदौ २३ र २४ गतेको उपद्रवलाई पूर्णरुपले नियन्त्रण गर्न नेपाली सेना नलागेको सो उपद्रव छानबिन गर्न गठित कार्की
आयोगको प्रतिवेदन र संवैधानिक निकाय राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनमा उल्लेख छ ।

नेपालको राजनीतिबारे विश्लेषण गर्दै आएका सीके लालले चीन र भारतले नेपालको सेना, राजनीतिक दल र प्रशासनमा संरा अमेरिकी सरकारले पनि हस्तक्षेप गर्न लागेको बताएको सार्वजनिक भयो । चीनले संसारका कुनै पनि देशको आन्तरिक मामिलामा हस्तक्षेप गरेको प्रमाण छैन, नेपालको आन्तरिक मामिलामा पनि हस्तक्षेप गरेको छैन । संरा अमेरिकी सरकारले संसारका नौ सयभन्दा बढी ठाउँमा सेना र हतियार तैनाथ गरेको छ । भारतले दक्षिण एसियामा 'मोदी डक्ट्रिन' लागू गर्न खोज्दै छ । भारतसँगको सन् १९५० को सन्धिमा नेपालको सुरक्षा मामिला भारतको कब्जामा राखिएको छ भने नेपाली युवालाई भाडाको सिपाही बनाउने सन् १९४७ को गोर्खा भर्तीमा भारत र बेलायत संलग्न छ । रास्वपालाई सरकारको नेतृत्वमा पुऱ्याउन संरा अमेरिकी साम्राज्यवाद र भारतीय एकाधिकार पुँजीको हात रहेको खुलिरहेकै हो ।

संरा अमेरिकी सरकार संसारमा आफ्नो प्रतिकूलको सरकारलाई उखेल्न नाकाबन्दी र युद्धमा लागिरहेको पुरानो हो । यसकारण, संरा अमेरिकी सरकारको सार्वजनिक ऋण ४०० खर्ब ४७ अर्ब डलरभन्दा बढी पुगेको सार्वजनिक भयो । पछिल्लो १० वर्षयता संरा अमेरिकी सरकारको ऋण दुई गुणा पुगेको पनि बाहिरियो भने वर्षको ब्याज ११ खर्बभन्दा बढी तिर्दै आएको पनि सार्वजनिक भयो । यो आर्थिक तस्बिर बुझेका विदेशी लगानीकर्ताहरू संरा अमेरिकामा लगानीबाट पछि हटिरहेका छन् । ट्रम्पको दोस्रो राष्ट्रपति कार्यकालसँगै विदेशी लगानी उत्साहित पनि गरिएको हो । तर, इतिहासमै ठुलो ऋणमा डुबिरहेको संरा अमेरिकामा वैदेशिक लगानी आकर्षित भइरहेको छैन ।

नेपालमा पनि बहुदल पुनःस्थापना यता सरकारमा गएका दल र तिनका नेताहरूले ऋण ल्याउँदै सडक निर्माणको नाउँमा भ्रष्टाचार बढाएको एकपछि अर्को घटनाबाट पुष्टि भइरहेको छ । यतिखेर सर्वोच्च अदालतका न्यायाधीशहरूसमेतको बिचौलियाहरूसँग सूचना आदान प्रदान भइरहेको सार्वजनिक भयो । नेपालका कानुनका कतिपय विद्यार्थीहरूले 'वकिल घुस खुवाउँछन्, न्यायाधीश घुस खान्छन्' भनी सार्वजनिक रूपमै बोलेका थिए । तर, सरकारमा गएका कुनै पनि पार्टीले यसलाई रोक्ने काम गरेनन् ।

ट्रम्पको दोस्रो कार्यकालसँगै उनले क्यानडालाई संरा अमेरिकाको ५१ औँ राज्य बनाउने र ग्रीनलैन्ड कब्जा गर्ने धम्की दिएका थिए । इरानसँग युद्ध गरेका ट्रम्पले इरानलाई खरानी बनाउने पनि धम्की दिए भने इजरायलमार्फत प्यालेस्टिनमा नरसंहार गर्न लगाएका ट्रम्पले प्यालेस्टिनलाई युरोपेली र अमेरिकी धनाढ्यहरूको 'आराम स्थल' बनाउने दाबी पनि गरे । तर, इरानी र प्यालेस्टिनी जनता जस्तोसुकै कष्ट भोग्नु परे पनि संरा अमेरिकी युद्धको प्रतिकार गर्दै छन् भने विश्वका न्यायप्रेमी जनताले साथ पनि दिँदै छन् ।

तालिम व्यवहारमा लागू गरियोस्

भक्तपुर नगरपालिकाले नेमकिपाको घोषणापत्रअनुसार थुप्रै काम गरिरहेकामध्ये योग्य र सक्षम जनशक्ति तयार गर्न तालिमको बन्दोबस्त पनि हो । पञ्चायतकालदेखि साक्षर महिलाहरूको सिलाइ कटाइ तालिम सञ्चालन भएको थियो । पछि सिलाइ कटाइ मात्र नगरी बुनाइ, बुटिक, मखमली जुत्ता, हेयर कटिङ (कपाल काट्ने) पार्लर, पाक शिक्षा, फेब्रिक आर्ट, फोटोग्राफी, अङ्ग्रेजी भाषा, जापानी भाषा, चिनियाँ भाषा, फ्रेन्च भाषा, गाइड, मोबाइल मर्मत, मोटरसाइकल मर्मत, हाउस वायरिङ, प्लम्बिङ, काष्ठकला, डकर्मी, सिकर्मी कम्प्युटरजस्ता तालिमहरू सञ्चालन गरियो ।



यो सराहनीय काम हो । रोजगारीको अवसर प्राप्त गर्न तालिमले ठुलो भूमिका निभाएको हुन्छ । यसले दक्ष जनशक्ति प्राप्तिमा ठुलो योगदान गर्छ । उच्च शिक्षा प्राप्त गर्न नसकेको मध्यम शिक्षा प्राप्त युवाहरूको लागि यस्ता तालिमले रोजगारीको अवसर प्राप्त हुन्छ । आफूले लिएको सीपले जीवन यापन र आफ्ना आवश्यकता पूर्ति गरिरहेको देखिन्छ । भक्तपुर नगरपालिकाबाट हालसम्म कुन विधामा कतिले तालिम प्राप्त गरे र उनीहरूले तालिमबाट सिकेका कुरा रोजगारी र उपयोग गरिरहेका छन् कि छैनन् ? यसबारे पनि चासो राख्नु आवश्यक छ । तालिम लिएर व्यवहारमा पनि लाग्नुपर्छ । भक्तपुर नगरपालिकाले यसबारे मूल्याङ्कन गर्नुपर्ने हुन्छ । यसबाट नयाँ पुस्ताका युवाहरूलाई थप प्रेरणा हुन्छ ।

- सृजना श्रेष्ठ, भक्तपुर

पाठक पत्र

नेपाल-भारत सम्बन्धमा देखापरेका गलत समझदारी र सही समाधानका उपायहरू -२

✍ **नारायणमान बिजुक्छें (रोहित)**

*(हाल रास्वपा सरकारका जिम्मेवार व्यक्तिहरू तथा मन्त्रीहरूले बिनाअध्ययन र जानकारी नेपाल-भारत सम्बन्धका बारेमा गलत अवधारणा र अभिव्यक्ति दिँदै आएको हुँदा सबै पाठकको लागि नेपाल-भारत सम्बन्धका गलत समझदारीहरू र सही समाधानका उपायहरूको लागि **नारायणमान बिजुक्छें (रोहित)** द्वारा लिखित '**नेपाल-भारत सम्बन्ध र भारत**' पुस्तकको खण्ड १ को अध्याय ३ लाई साभार गरिएको छ -सं.)*

२. के नेपालका विवेकशील र प्रगतिशील जनताको ठुलो राष्ट्र अहङ्कारवाद, हस्तक्षेप र थिचोमिचोविरोधी देशभक्तिपूर्ण सङ्घर्ष 'केही विदेशी र चिनियाँ कम्युनिस्टहरूको भारतविरोधी भड्काइ' हो ?

ऐतिहासिकरूपले नै यो कुरो असत्य छ । बेलायती साम्राज्यवाद नै सबभन्दा पहिले नेपाली र भारतीय जनताको बिचमा झगडाको बीउ छर्ने प्रतिक्रियावादी शक्ति हो । सुगौली सन्धि र गोर्खा भर्ती नै नेपाली राष्ट्रको मुटुको किलो हो । तर, बेलायती साम्राज्यवाद भारतबाट गइसक्दा पनि 'स्वतन्त्र भारत' का शासकवर्गले आफ्ना छिमेकी देशहरूमाथि बेलायती उपनिवेशवादी नीतिलाई नै लागू गर्दै गयो । २००७ सालको राणाविरोधी सङ्घर्षलाई भारतीय शासकवर्गले नै दिल्लीमा राणा र नेपाली काङ्ग्रेसका दक्षिणपन्थी नेताहरूबिचमा सम्झौता गर्न बाध्य गराइएको थियो । त्यो सम्झौता नेपालको पुँजीवादी क्रान्तिलाई बिचैमा टुङ्ग्याउने एक 'धोखा' थियो । त्यसैबेला नेपाली जनताले 'दिल्ली सम्झौता' को विरोधमा सङ्घर्ष गरेका थिए । क्रान्तिलाई विजयसम्म अघि बढाउन खोज्ने राणाविरोधी र शोषणविरोधी सङ्घर्षलाई नेपालभित्र भारतले आफ्नो सेना पठाएर दबाउन लगाइयो । भारतीय शासकवर्गको त्यो कदम एक अपराधपूर्ण हस्तक्षेप र थिचोमिचो थियो । त्यहींबाट नेपाली राष्ट्रमा भारतीय थिचोमिचोविरोधी भावनाको जग बस्न सुरु भएको थियो ।



फेरि १९५० र त्यसपछिका नेपाल-भारत सन्धिहरूले नेपाललाई भारतीय एकाधिकार पुँजीको एक सुरक्षित बजार वा 'नयाँ अर्ध- उपनिवेश' बनाउन खोज्यो । साम्राज्यवाद र उपनिवेशवादविरोधी नेपाली राष्ट्रमा यसरी भारतीय एकाधिकार पुँजीविरोधी भावनाको विकास भयो । यसलाई बेलायती साम्राज्यवादविरोधी भारतीय जनताको स्वतन्त्र हुने भावनासँग दाँज्न सकिन्थ्यो । त्यसबेला स्वतन्त्र भारत र मुक्त चीनको आपसी मित्रता एक उचाइमा पुगिसकेको थियो । त्यसको एउटा ज्वलन्त उदाहरण चिनियाँ जनताको जापानविरोधी लडाइँमा भारतीय जनताले चिनियाँ जनताको मद्दत गर्न एक उपचार दल पठाउनु थियो जुन उपचार दलमा डा. कोटनिस, डा. बसु पनि सदस्य थिए । साम्राज्यवादविरोधी त्यो एकता बढ्दै गएर १९५५ सम्ममा वाङडुङमा चीनका प्रधानमन्त्री चाउ एनलाई र भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूले अरू एसियाली र अफ्रिकी देशहरूसँग मिलेर 'पञ्चशील' जग हाले । एसियाको आकाशमा 'चीन-भारत-भाइ भाइ' को नारा गुञ्जिँदै गइरहेको थियो । तर, ठीक त्यसै बेला त्यसको विपरीत नेपाली जनतामा भारतीय थिचोमिचोविरोधी

> क्रान्तिलाई विजयसम्म अघि बढाउन खोज्ने राणाविरोधी र शोषणविरोधी सङ्घर्षलाई नेपालभित्र भारतले आफ्नो सेना पठाएर दबाउन लगाइयो । भारतीय शासकवर्गको त्यो कदम एक अपराधपूर्ण हस्तक्षेप र थिचोमिचो थियो ।

भावना एक उचाइमा पुगिसकेको थियो । यसले थाहा हुन्छ कि नेपालमा भारतीय एकाधिकार पुँजीको विरोधी भावना विदेशी या चीनको भड्काइ थिएन बरु नेपाली जनताको राष्ट्रिय जागरण र चेतनाको क्रमिक विकासको द्योतक थियो । भारत र चीनको सीमा विवाद त साम्राज्यवादीहरूको षड्यन्त्रले १९६०-१९६२ मा मात्रै सुरु भएको थियो । नेपाली जनताको देशभक्तिपूर्ण भावनालाई 'चीनको भड्काइ' भन्नु स्वयम् नेपाली जनताको राष्ट्रिय चरित्रलाई हेला गर्नु र हाँक दिनु

> *लेनिनले भन्नुभएजस्तै "पुँजीको नियति नै यस युगको साम्राज्यवादको मुख्य चरित्र हो ।" नेपाल र भारतको बिचमा बरोबर भइरहने तितो-पिरोको कारण नै यही हो ।*

थियो ।

३. नेपाली जनताको भारतीय एकाधिकार पुँजीको थिचोमिचोविरोधी देशको अखण्डता र सार्वभौमिकता जोगाउने सङ्घर्ष, राजनैतिक सीमाको खिचलो, आ-आफ्नो देशको स्वार्थलाई लिएर गरिने अनेक आर्थिक मोलमोलाइ र तानातानी र भावनाका प्रश्नहरू के नेपालका केही जाति र जनसमुदायको 'भारतविरोधी' र 'चीन समर्थक' प्रवृत्तिको कारण भएको हो ?

अहँ ! होइन, यो भारतीय पक्षले विषयवस्तुलाई नै नबुझ्नु हो अथवा तिनीहरू वास्तविकतालाई लुकाउन खोज्छन् । तिनीहरूको कुतर्कले गर्दा कहिलेकाहीं 'चोरको खुट्टा काट्भन्दा खुट्टा उचाल्नु' जत्तिकै हुन गएको छ । त्यस जातिवादी कुतर्कले पुरानो हिन्दू साम्राज्यवाद र बेलायती उपनिवेशवादी संस्कारको गन्धमात्रै प्रदर्शन गऱ्यो । आउनुस्, त्यस भारतीय गलत ठम्याइबारे छलफल गरौं ।

(क) आर्थिक, राजनैतिक र सीमासम्बन्धी मोलमोलाइ, तानातानी र खिचलोको कारण जाति र जाति विशेष हुने गर्दैन । आर्थिक प्रश्न खाली दुई देशको बिचको मित्रता र मोलमोलाइको कुरो होइन बरु



यो त आफ्नै परिवार, दाजु-भाइ, गाउँ, इलाका र देशहरूकै बिचको मित्रता र झगडाको कारण बन्दै आएको छ । आर्थिक कारणले नै एउटै गाउँ र इलाकामा नहर, सडक, बिजुली, कल-कारखाना, सदरमुकाम आदि स्थापना गर्ने कुरामा विवाद उठ्छ । सिन्धु नदीको भारत र पाकिस्तानको विवाद, बङ्गलादेश र भारतको बिचमा उठेको फरक्का बाँधको कुरोलाई छोडौं, गोदावरी, कृष्णा र काबेरी नदीको पानीबारे भारतीय इलाका र प्रान्तहरूमै आपसी तानातानी भएका थिए । एकात्मक सरकारको नमुना सम्झिएको बेलायतमा आज आर्थिक कारणले नै स्कटल्यान्ड र वेल्सको स्वायत्तताको प्रश्न उठ्न गयो । ती विवादहरूको कारण जातिवाद होइन, बरु आर्थिक कारण नै ।

(ख) व्यापकरूपले हेर्दा राजनैतिक मामिलाको भित्री कारण पनि सत्ता र आर्थिक कारण हुने गर्छ- जसको चरम सीमा वर्गसङ्घर्षको रूपमा देखा पर्छ, जाति र जाति विशेष होइन । राजनैतिक सत्ताकै निम्ति दाजुभाइ, बाबु र छोरा, देवर र भाउजूको बिचमा काटाकाट चल्छ, त्यसमा देश र जातिको प्रश्न आउँदैन । बेलायती र युरोपेली जाति नै गएर बसोबास गएर र विकास गरेको अमेरिकामा जनताले राजनैतिक र आर्थिक अधिकारकै निम्ति बेलायती साम्राज्यवादको विरोधमा 'स्वतन्त्रता सङ्ग्राम' को झन्डा उठाएका थिए । बेलायती र फ्रान्सेली राज्यक्रान्तिहरू पनि राजनैतिक र आर्थिक कारणबाटै भएका थिए । अफ्रिकी जनताको आजको स्वतन्त्रता र मुक्तिको आन्दोलन पनि यसो हेर्दा 'कुइरे' जातिवादविरोधी सङ्घर्षजस्तो लाग्ला तर अन्तिम विश्लेषण गर्दा त्यो पनि एक राजनैतिक र आर्थिक सङ्घर्ष हो । वास्तवमा त्यो सङ्घर्ष पश्चिमी साम्राज्यवादीहरूको मध्यपूर्व कब्जा गरिरहने 'पेट्रोल राजनीति' कै एक अङ्ग हो र प्यालेस्टिनी जनताको सङ्घर्ष आक्रमण र उपनिवेशवादविरोधी मुक्ति सङ्घर्षको रूप हो । त्यस्तै नेपाली जनताको भारतीय एकाधिकार पुँजीविरोधी सङ्घर्ष जातिवादी होइन बरु उपनिवेशवादविरोधी सङ्घर्षकै एक रूप हो जसको मुख्य कारण जाति विशेष होइन, आर्थिक र राजनैतिक हो ।

(ग) सीमासम्बन्धी खिचलोमा पनि जाति विशेष कारण होइन बरु आर्थिक र राजनैतिक नै हुने गर्छ । मानिसको जङ्गली अवस्थामा समेत शिकारको निम्ति सीमाको झगडा चल्थ्यो । सभ्य भनिने यस पुँजीवादी समाजमा पनि घरखेतको सानो किल्ला र जग्गाको सीमालाई लिएर दाजुभाइ र परिवारको बिचमा सङ्घर्ष हुने गर्छ । त्यस्तै सीमाकै विषयलाई लिएर नगर र गाउँ, अञ्चल र सङ्घ राज्यका प्रान्त वा राज्यहरूमा समेत खिचलो र विवाद उठ्ने गर्छ । सीमा विवादका कारण पनि जाति र धर्म होइन, राजनैतिक र आर्थिक नै हुने गर्छ । त्यस्तै, नेपाल र भारतको बिचको आर्थिक र व्यापारी लाभको मोलमोलाइ, भूपरिवेष्ठित देशले पाउनुपर्ने पारवहनको अबाध अधिकार, सार्वभौमिकता र राष्ट्रिय अखण्डताको कुरो पनि जातीय नभई आर्थिक र राजनैतिक प्रश्न हो ।

बर्मा, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का, भुटान, सिक्किम (अहिले भारतकै अङ्ग भइसकेको छ), चीन र नेपालसँग भारतको आर्थिक राजनैतिक, सुरक्षा र सीमासम्बन्धी या अरू समस्याहरूको कारण प्रमुखरूपले जातीय नभई आर्थिक र राजनैतिक थियो र हो । भारतको विकास गर्दै गएको एकाधिकार पुँजीको थिचोमिचो छिमेकका सबै साना-ठुला देशले सहेरै आएको छ । अहिले त्यो पुँजी हिन्द महासागर, अरब सागर र भूमध्य सागर नाघेर प्रशान्त महासागरसम्म पुगेको छ । लेनिनले भन्नुभएजस्तै "पुँजीको नियति नै यस युगको साम्राज्यवादको मुख्य चरित्र हो ।" नेपाल र भारतको बिचमा बरोबर भइरहने तितो-पिरोको कारण नै यही हो ।

तर, भारतका नेपालविद् सम्झिएका केही विद्वान, जिम्मेवार व्यक्तिहरू र प्रचार-साधनले नेपाल र भारतबिचको सम्बन्धलाई नमिठो पार्नमा नेवार वा अरू केही जाति र जनसमुदायलाई जिम्मेवार ठहऱ्याएका छन् । त्यो कुरो शत-प्रतिशत असत्य छ । भारतका एक नेपालविद् सम्झिएका विद्वान, मिथिला विश्वविद्यालयका राजनैतिक विज्ञानका रिडर डा. शङ्करकुमार झाले २६ जनवरी १९७६ को 'हिमेशिया' भन्ने एक हिन्दी साप्ताहिकमा 'भारत-नेपाल सम्बन्ध एक विश्लेषण - एक पर्यवेक्षक' भन्ने लेखमा पनि त्यही कुरो उल्लेख गर्नुभएको थियो । *(त्यसबारे हेर्नुस्, यसै पुस्तकको खण्ड-१, दोस्रो पाठको 'हिमेशिया' र 'मातृभूमि' एउटै ड्याङका मूला ।')*

नेपालीहरू भारतविरोधी होइनन् – ३

✍ योगेन्द्रमान बिजुक्छेँ

(वर्तमान सरकारका अर्थमन्त्री स्वर्णिम वाग्लेले निरन्तर विवादित अभिव्यक्तिहरू दिँदै आएका छन् । विशेष गरी उनले 'अब नेपालको भारतविरोधी राष्ट्रवादको नीतिको अन्त्य भएको' घोषणा गरे । उनले के आधारमा नेपालको भारतविरोधी नीतिको कुरा उठाएका हुन् ? मन्त्री वाग्लेले आफूसँग जानकारी नै नभएको कुरा बोल्दै भारतको चाकरी गरेको धेरैले बुझेका छन् । नेपाल–भारत सम्बन्धका बारेमा भारतका पूर्वराजदूत रञ्जित रेले आफ्नो संस्मरण 'काठमाडौँ डिलेमा' मा पनि नेपालीहरू किन भारतको विरोध गर्छन् भनी गुनासो गरेका छन् । उनको भनाइलाई स्पष्ट पार्न लेखिएको केही टिप्पणीले 'मजदुर' दैनिक तथा आमपाठकलाई नेपाल भारतविरोधी होइन भन्ने बुझ्न सहयोग पुग्ने उद्देश्यले यो आलेख पुनः प्रकाशित गरिएको छ । – सम्पादक)

पूर्वराजदूत रञ्जित रेको जिकिर :

७. नेपालको सार्वभौमसत्ता र भारतीय सुरक्षा चासो


७.१ नेपालको सार्वभौमसत्ताप्रतिको संवेदनशीलता

अगस्ट २०१४ मा नेपालको संविधानसभामा प्रधानमन्त्री नरेन्द्र मोदीले उपस्थित नेता तथा सदस्यहरूबिच नेपालको सार्वभौमसत्ताप्रति भारतको सम्मानको पुष्टि गर्नुभयो । सभाले गडगडाहट ताली बजाएर त्यसलाई स्वीकार गऱ्यो । नेपालले बारम्बार आफ्नो सार्वभौमसत्ताको किन सुरक्षा र रक्षाको कुरा गर्छ ? छिमेकीहरूबाट आफ्नो सार्वभौमसत्ताको पुष्टि किन चाहन्छ ? अन्य अवस्थामा, कुनै विदेशी नेताले आफूले अर्को देशको सार्वभौमसत्ताको सम्मान गरेको भनाइलाई निरर्थक मानिने थियो । तर, नेपालमा त्यस्तो हुँदैन । नेपालमाथि कसैले नराम्रो नजर राखेको छ र सधैँ सजग रहनुपर्छ भन्ने चिन्ता छ ।

७.२ पृथ्वीनारायण शाहको दिव्योपदेश र नेपालको भूराजनीतिक अवस्था

पृथ्वीनारायण शाहको दिव्योपदेशले नेपाललाई दुई कडा चट्टानबिचको तरुलको रूपमा उल्लेख गरेको छ । तर, यसको अर्को अर्थ तरुललाई कुल्चिन सकिन्छ भन्ने पनि हो । भारतको स्वतन्त्रतापश्चात् र सन् १९४९ मा चीनमा कम्युनिस्ट पार्टीको विजयपछि तिब्बतमा चीनको वर्चस्व कायम हुने सम्भावनाले नेपालका राणा र कुलीन वर्गलाई स्वतन्त्र भारतसँग सन्धि गर्न उत्प्रेरित गऱ्यो । तर, आज नेपालमा कम्युनिस्टहरूको उदयसँगै भारत चिन्तित हुनुपरेको छ ।

७.३ विमान अपहरण र नेपाली भूमिमा भारतीय सुरक्षा उपस्थिति



नेपालका लागि तत्कालीन भारतीय राजदूत सी.पी.एन. सिंहलाई प्रजातन्त्रको पहिलो मन्त्रिपरिषद्मा सचिवका रूपमा राखिएको कारणले आज पनि नेपाली जनताको मनमा शूल घोचिरहेको महसुस हुन्छ ।

सन् १९९९ मा काठमाडौँबाट आईसी-८१४ विमान अपहरण भएपछि भारतले काठमाडौँ विमानस्थलमा विमान सुरक्षा व्यवस्था बलियो बनाउन चासो देखायो । हामीले आफ्ना यात्रुहरूको हेरचाह र सुरक्षा जाँच गर्न चाहेका थियौँ तर यो प्रस्तावलाई लिएर नेपालीहरू आक्रोशित भए । उनीहरूले सार्वभौमसत्ता सम्पन्न नेपाली भूमिमा भारतीय सुरक्षाकर्मीलाई कसरी अनुमति दिन सकिन्छ भन्ने प्रश्न उठाए ।

८. नेपालको राष्ट्रियता, पहाडी प्रभुत्व र जातीय प्रतिनिधित्व

८.१ पहाडी राष्ट्रियताको अवधारणा

नेपालमा राष्ट्रियतालाई पहाडी भूगोल वा पहाडी भावनाका आधारमा परिभाषित गरिएको छ । देश सैन्य शक्तिका आधारमा शाह राजाहरूद्वारा एकीकरण गरिएको थियो र पहाडद्वारा यसको पालनपोषण तथा संरक्षण गरिएको थियो ।

८.२ ब्राह्मण-क्षेत्रीको शासनसत्तामा प्रभाव

विशेष गरी ब्राह्मण र क्षेत्रीहरू नेपालका शासकका रूपमा रहेका छन् । क्षेत्रीहरू सेना र सुरक्षा बलमा अझै पनि हाबी छन् भने ब्राह्मणहरू राजनीति र प्रशासनमा प्रभावशाली छन् । यहाँसम्म कि मुलुकी ऐनले ब्राह्मण र क्षेत्रीहरूलाई माथिल्लो स्थानमा राखेको थियो । ब्राह्मणलाई मृत्युदण्ड दिन नपाइने तर देश निकाला गर्न सकिने व्यवस्था थियो । पहाडी सम्भ्रान्तहरू शासक हुन्, अरूहरू शासित ! जनजातिको सङ्ख्या एकतिहाइ रहेको तथा मधेसीलगायत अन्य समुदायले पनि यस अवस्थालाई स्वीकार गर्ने अपेक्षा गरिएको छ ।

८.३ मधेसी समुदायको राजनीतिक प्रतिनिधित्व र पहाडी प्रभुत्व

आफ्नो राजनीतिक करियर अगाडि बढाउने प्रयासमा रहेका नेपाली काङ्ग्रेसका एक महत्त्वाकाङ्क्षी वरिष्ठ मधेसी नेतालाई नजिकका एक उच्च अधिकारीले एकपटक नेपाल पहाडीहरूद्वारा शासित देश भएको तथ्यलाई कहिल्यै नबिर्सन सल्लाह दिएको मलाई सम्झना छ ।

९. राजतन्त्र, राजा महेन्द्र र आधुनिक नेपाली राष्ट्रवाद

९.१ राजतन्त्रको मानसिकता र राष्ट्रवादको विकास

भूगोल र सांस्कृतिक कारणबाहेक, आधुनिक नेपाली राष्ट्रवाद राजतन्त्रको मानसिकता र राजा महेन्द्रको शासनकालमा नेपालमा अवलम्बन गरिएका राजनीतिक नीतिहरूको उपज मान्न सकिन्छ ।



वि.स. २००७ सालमा दिल्ली सम्झौता ताका नेपालका राजा त्रिभुवन, नेका बीपी कोइराला, मातृकाप्रसाद कोइराला र भारतका प्रधानमन्त्री जवाहरलाल नेहरु

राणाहरूको नजरबन्दमा परेका राजा महेन्द्रका पिता त्रिभुवनले प्रजातन्त्रका लागि नेपाली जनता र भारतसँग सहकार्य गरे तर महेन्द्र आफ्ना बुबाजस्तै प्रजातन्त्रवादी थिएनन् । नेपालमा राणाहरूको उदयपछि कुनै पनि राजाले सत्ता कब्जा गरेर शासन गरेका थिएनन् तर राजा महेन्द्रले कुनै हिचकिचाहटबिना शासनसत्ता आफ्नो हातमा लिए र कार्यकारी शासक बने ।

९.२ राजा महेन्द्रको शासन र पञ्चायती व्यवस्था

उनले सन् १९६० मा बहुदलीय प्रजातन्त्र समाप्त गरे र नयाँ संविधान ल्याए, जसले दलविहीन पञ्चायती व्यवस्था लाद्यो । यो पाकिस्तानमा मार्सल अयुब खानले ल्याएको व्यवस्थाजस्तै एक प्रकारको निर्देशित लोकतन्त्र थियो । नेहरूले यस कार्यलाई लोकतन्त्र र लोकतान्त्रिक प्रक्रियाको पूर्णविपरीत भएको भन्दै प्रतिगामी कदमका रूपमा आलोचना गरे । उनले यस्तो घटनालाई गम्भीर र खेदपूर्ण भन्दै यसलाई 'कु' को संज्ञा दिए ।

(लेखकका विचारमाथि आलोचनात्मक टिप्पणी)

बुँदा ७ का सम्बन्धमा : सार्वभौमसत्ता र भारतीय सुरक्षा चासो


नेपाल एक सार्वभौमसत्ता सम्पन्न र स्वतन्त्र राष्ट्र हो भन्नेमा कुनै द्विविधा छैन । यो संयुक्त राष्ट्रसङ्घको सदस्य पनि हो । मोदीले नेपालको संसद्मा यो तथ्यलाई दोहोऱ्याउनु किन गलत थियो ? लेखक रेले मोदीलाई यति सामान्य कुरा पनि थाहा छैन भन्न खोज्नुभएको हो भने भारतीय संसद्मा उनको आलोचना आधुनिक नेपाली राष्ट्रवाद राजतन्त्रको मानसिकता र राजा महेन्द्रको शासनकालमा नेपालमा अवलम्बन गरिएका राजनीतिक नीतिहरूको उपज मान्न सकिन्छ ।

राणाहरूको नजरबन्दमा परेका राजा महेन्द्रका पिता त्रिभुवनले प्रजातन्त्रका लागि नेपाली जनता र हुनुपर्थ्यो । छिमेकी राष्ट्रको सार्वभौमसत्ताको पुष्टि गर्नु राजनीतिशास्त्र र कूटनीतिको कुन सिद्धान्त तथा नीतिविपरीत हो भन्ने कुरा लेखकले स्पष्ट पारेका छैनन् ।

पृथ्वीनारायण शाहको दिव्योपदेशको आशय नेपाललाई तरुलका रूपमा चित्रण गरेर त्यसलाई कुल्चिन सकिन्छ भन्नुभन्दा पनि दुई छिमेकीसँग समदूरी कायम राखेर काम गर्नुपर्छ भन्ने रूपमा अर्थ्याउन सकिन्छ ।

नेपालको विमानस्थलको सुरक्षा गर्ने पहिलो जिम्मेवारी नेपाल सरकारकै हो । सुरक्षामा कमी-कमजोरी जहाँ पनि हुनसक्छ । आफूलाई अभेद्य ठान्ने अमेरिकाले समेत सन् २००१ को ट्विन टावर हमलाको कल्पना गरेको थियो होला र ? हवाईजहाज अपहरण भएको निहुँमा अर्को देशमा आफ्नो सेना पठाउनुमा सुरक्षाभन्दा पनि बदनियत देखिन्छ ।

सन् १९४९ मा चिनियाँ कम्युनिस्ट पार्टीको विजयपछि तिब्बत चीनको अभिन्न अङ्ग बन्ने डर नेपाललाई भन्दा भारतलाई बढी थियो । आर्यघाटमा पुगिसकेको राणा शासनलाई थामथुम पारेर असमान सन्धि गर्न लगाई नेपाललाई उल्टै आफ्नो अधीनस्थ बनाउने



नेपाली मधेशी मूलका नेताहरू जो राष्ट्रपति, उपराष्ट्रपति र मन्त्री भए । बायाँबाट दायाँतर्फ पर्शुनारायण चौधरी, परमानन्द झा, डा. रामवरण यादव, रामशाह यादव

पनि हो । मोदीले नेपालको संसद्मा यो तथ्यलाई दोहोऱ्याउनु किन गलत थियो ? लेखक रेले मोदीलाई यति सामान्य कुरा पनि थाहा छैन भन्न खोज्नुभएको हो भने भारतीय संसद्मा उनको आलोचना भारतको कुत्सित नियतबारे नेपालीहरू अनभिज्ञ छैनन् ।

नेपालको विमानस्थलको सुरक्षा गर्ने पहिलो जिम्मेवारी नेपाल सरकारकै हो । सुरक्षामा कमी-कमजोरी जहाँ पनि हुनसक्छ । आफूलाई अभेद्य ठान्ने अमेरिकाले समेत सन् २००१ को ट्विन टावर हमलाको कल्पना गरेको थियो होला र ? हवाईजहाज अपहरण भएको निहुँमा अर्को देशमा आफ्नो सेना पठाउनुमा सुरक्षाभन्दा पनि बदनियत देखिन्छ । एक सार्वभौम र स्वतन्त्र राष्ट्रमा यो वा त्यो निहुँमा विदेशी सेनाको उपस्थिति गराउनु सामान्य परिस्थितिमा कदापि न्यायोचित होइन ।

पूर्वराष्ट्रपति डा. रामवरण यादव मधेसी नै हुन् । उपराष्ट्रपति परमानन्द झा तथा शेख इद्रिस पनि मधेसी नै हुन् । यी त लोकतन्त्रकालका उदाहरण भए । पञ्चायतकालमा पनि राजा महेन्द्रले परशुनारायण चौधरी, तुलसी गिरी र मोहम्मद मोहसिनजस्ता मधेसका नेताहरूलाई शासनसत्ता सम्हाल्न दिएको देखिन्छ ।

बुँदा ८ का सम्बन्धमा : राष्ट्रियता र जातीय प्रतिनिधित्व

पृथ्वीनारायण शाहले नेपाललाई 'चार जात छत्तीस वर्णको फूलबारी' का रूपमा व्याख्या गरेका थिए । यसको सोझो अर्थ नेपालको भौगोलिक विविधताअनुसारको जातीय विविधतालाई पनि स्वीकार गरिएको देखिन्छ । लेखकले भनेजस्तै नेपालको राष्ट्रियता पहाडी राष्ट्रियता हो भन्नु उपयुक्त देखिँदैन । यति हुँदाहुँदै पनि कुनै देश विशेषको शासनसत्तामा कुनै निश्चित जाति, परिवार, वर्ग वा क्षेत्रको आधिपत्य हुने उदाहरण धेरै छन् । भारतकै शासनमा पनि बिहार र उत्तर प्रदेशका नेताहरूको आधिपत्य रहिआएको छ ।



सन् १९९९ मा काठमाडौँबाट भारतीय हवाईजहाज आईसी-८१४ अपहरण गरी अफगानिस्तानको कन्धारमा

नेपालमा बाहुन-क्षेत्रीहरूको बाहुल्य देखिन्छ । तर, मधेसीलाई मात्र वञ्चित गर्न खोजिएको भन्ने लेखकको निष्कर्ष सही छैन । बाहुन-क्षेत्रीबाहेकका अन्य धेरै जातजातिहरू पनि शासनसत्तामा पहुँचबाट टाढै छन् ।

पूर्वराष्ट्रपति डा. रामवरण यादव मधेसी नै हुन् । उपराष्ट्रपति परमानन्द झा तथा शेख इद्रिस पनि मधेसी नै हुन् । यी त लोकतन्त्रकालका उदाहरण भए । पञ्चायतकालमा पनि राजा महेन्द्रले परशुनारायण चौधरी, तुलसी गिरी र मोहम्मद मोहसिनजस्ता मधेसका नेताहरूलाई शासनसत्ता सम्हाल्न दिएको देखिन्छ ।

जति-जति पुँजीवादी बन्दोबस्त बलियो हुँदै जान्छ, सत्ताको वरिपरि रहेर त्यसको दोहन गर्न पल्केको सानो स्वार्थ समूहले नै सत्तामा हालिमुहाली चलाउने गर्छ । समाजवादी व्यवस्थामा मात्रै सबैको समान पहुँच हुने अवस्था सिर्जना हुन्छ ।

बुँदा ९ का सम्बन्धमा : राष्ट्रवाद र राजतन्त्रको भूमिका

राजा वा प्रजा, सबैले आफ्नो देशको हितका लागि काम गर्नु र सोच्नु कर्तव्य नै हो । आफ्नो देश र जनताको हित तथा स्वार्थका लागि काम गर्दा राष्ट्रवाद वा उग्रराष्ट्रवादको संज्ञा दिनु उचित होइन ।

राजा त्रिभुवनजस्तो छोरा महेन्द्र थिएनन् भन्ने तर्कमा कुनै दम छैन । छोरा बुबाजस्तै हुनैपर्छ भन्ने होइन । त्रिभुवनले कसरी काम गरे भन्ने कुरा तत्कालीन परिस्थितिमा पनि भर पर्छ । यी दुई राजाका बारेमा नेपाली जनताको पनि आ-आफ्नै मूल्याङ्कन र धारणा छन् ।

राजा त्रिभुवनले भारतको स्वार्थमा धक्का पुऱ्याएनन् होला । दिल्ली सम्झौता गर्नुअघि उनलाई नेपाली काङ्ग्रेस र राणाका प्रतिनिधिहरूसँगै राखेर बैठकसमेत नगराइएको तथ्य सर्वविदितै छ । राणा शासनको समाप्तिका लागि राजा र प्रजा मिलेर क्रान्ति गरे । तर, प्रजातन्त्रको पहिलो प्रधानमन्त्री नै राणालाई बनाएर भारतले नेपाली काङ्ग्रेस र राजा दुवै पक्षलाई गुमराहमा राख्यो ।

भारतको यस चालले नेपाली जनताको प्रजातन्त्र प्राप्तिको चाहनालाई समेत कुठाराघात गरेको कुरा नेपालीहरूले बिर्सेका छैनन् । नेपालका लागि तत्कालीन भारतीय राजदूत सी.पी.एन. सिंहलाई प्रजातन्त्रको पहिलो मन्त्रिपरिषद्मा सचिवका रूपमा राखिएको कारणले आज पनि नेपाली जनताको मनमा शूल घोचिरहेको महसुस हुन्छ ।

राजा महेन्द्रको नीतिप्रति सबै जनताको एउटै मत नहोला । तर, उनले देशलाई स्वावलम्बी बनाउन र परनिर्भरताबाट जोगाउन त्यसबेला गरेका पूर्वाधार निर्माणका कामहरू सही थिए भन्ने ठान्ने जनता पनि नभएका होइनन् ।



इजरायलमा आमनिर्वाचनको एक दिनपछि, जेरुसेलममा प्रधानमन्त्रीको निवासनजिकै गाजामा युद्ध अन्त्यको लागि आह्वान गर्दै सरकारविरोधी प्रदर्शनमा भाग लिइरहेका प्रदर्शनकारीहरू अक्टोबर २८, २०२६ को दिन । युद्धग्रस्त गाजा र कब्जा गरिएको वेस्ट बैङ्कमा धेरै प्यालेस्टिनीहरूले इजरायलको चुनाव कसले जित्ने भन्नेमा भन्दा वास्तवमा केही परिवर्तन हुन्छ कि हुँदैन भन्नेमा बढी ध्यान केन्द्रित गरिरहेका छन् । *तस्बिर : जेवेल सामाद/एएफपी*

गङ्गा जलसन्धि नवीकरणका लागि बङ्गलादेशको पहल

राजशाही (बङ्गलादेश), १२ कार्तिक (एएफपी) । भारत र बङ्गलादेशबिच गङ्गा नदीको पानी बाँडफाँटसम्बन्धी ३० वर्षे सन्धि डिसेम्बर १२ मा समाप्त हुन लाग्दा बङ्गलादेशले नयाँ सम्झौताका लागि पहल गरेको छ । सन्धि नवीकरण नभएमा पानीको अभाव बढ्ने, कृषि उत्पादन घट्ने र लाखौँ मानिसको जीविकोपार्जन प्रभावित हुने चिन्ता व्यक्त गरिएको छ ।

बङ्गलादेशको सुख्खाग्रस्त बरिन्द क्षेत्रमा गङ्गा नदीको बहाव घट्दा धान र गहुँको उत्पादन प्रभावित भएको छ । स्थानीय बासिन्दाका अनुसार नदीमा पानी र माछा घटेपछि किसान तथा माछा मार्नेहरू समस्यामा परेका छन् । गत सिजन बाली बिग्रिएपछि दुई किसानले आत्महत्या गरेको स्थानीयवासी विकास सोरेनले बताउनुभयो ।

सन् १९९६ को सन्धिले भारतको फरक्का ब्यारेजमा सुख्खायामको पानी बाँडफाँटको व्यवस्था गरेको छ । बङ्गलादेशले नयाँ सम्झौता आपसी लाभ र सम्मानमा आधारित हुनुपर्ने जनाएको छ । सन्धि नवीकरणका लागि गरिएको अनुरोधमा भारतबाट प्रतिक्रिया नआएको बङ्गलादेशको भनाइ छ । भारतले भने नदीसम्बन्धी विषय संयुक्त नदी आयोगमार्फत छलफल गरिने जनाएको छ ।

भारत र बङ्गलादेशबिच ५४ वटा सीमापार नदीको पानी बाँडफाँटसम्बन्धी विषयमा लामो समयदेखि छलफल हुँदै आएको छ । टिस्टा नदीसम्बन्धी प्रस्तावित सम्झौता पनि सन् २०११ देखि टुङ्गोमा पुग्न सकेको छैन ।

बङ्गलादेशका वातावरणविद् शेख रोकनका अनुसार विगतमा सन्धिबिनाको अवधिमा गङ्गाको बहाव घट्दा केही नदी सुक्ने अवस्थामा पुगेका थिए । पानीको अभावले गङ्गा-कोबादक सिँचाइ परियोजनाको क्षेत्रसमेत घटेको छ । पानीको कमी कम गर्न बङ्गलादेशले दुई अर्ब ८० करोड अमेरिकी डलर लागतको पद्मा ब्यारेज परियोजना अघि बढाएको छ र यसमा ११३ मेगावाटको जलविद्युत् आयोजना पनि समावेश छ ।

जलवायु परिवर्तनका कारण सुक्खायाममा पानीको अभाव र मनसुनमा बाढीको जोखिम बढ्दा बङ्गलादेशको कृषि तथा नदी किनारका बस्ती थप प्रभावित भएका छन् । नदी कटानका कारण घर गुमाएकी ५० वर्षीया रेहाना खातुन अहिले बाँसको अस्थायी आश्रयमा बस्दै आउनुभएको छ ।

गाजाको ७० प्रतिशत भूभाग इजरायली नियन्त्रणमा, बस्नयोग्य क्षेत्र १५ प्रतिशत मात्र

गाजा, १२ कार्तिक (क्युएनए) । इजरायली सेनाको नियन्त्रण र प्रतिबन्धका कारण गाजाको ७० प्रतिशतभन्दा बढी भूभागमा प्यालेस्टिनीको पहुँच सीमित भएको छ । मानव अधिकारका लागि गाजा केन्द्रका अनुसार आवास र आश्रयका लागि प्रयोग गर्न सकिने क्षेत्र गाजाको कुल भूभागको करिब १५ प्रतिशतमा खुम्चिएको छ ।

केन्द्रका अनुसार इजरायली सेनाले आफ्नो नियन्त्रणमा रहेको क्षेत्रको सीमा पश्चिमतर्फ बढाउँदै लगेको छ । साथै, गोलाबारी गर्ने, गोली चलाउने र भवन तथा संरचना भत्काउने कार्यले प्यालेस्टिनीहरूलाई बाक्लो बस्ती भएका क्षेत्रबाट विस्थापित हुन बाध्य बनाइरहेको छ ।

गाजाको कुल क्षेत्रफल ३६५ वर्ग किलोमिटर छ । केन्द्रका अनुसार ध्वस्त भएका क्षेत्र र आधारभूत सेवाको अभावलाई समेत विचार गर्दा आवास तथा आश्रयका लागि उपलब्ध जमिन निकै सीमित भएको छ । पटकपटकको विस्थापन, आश्रयको अभाव र पुनर्निर्माणमा लगाइएको प्रतिबन्धले नागरिकको कठिनाइ बढाएको तथा उनीहरूलाई सुरक्षित रूपमा घर फर्कन अवरोध पुगेको केन्द्रले जनाएको छ ।

केन्द्रले यी गतिविधिले चौथो जेनेभा महासन्धिको धारा ४९ उल्लङ्घनसम्बन्धी चिन्ता उत्पन्न गरेको बताएको छ । उक्त धाराले सीमित परिस्थितिबाहेक कब्जा गरिएको क्षेत्रका संरक्षित व्यक्तिलाई जबर जस्ती स्थानान्तरण गर्न निषेध गर्छ ।

केन्द्रले युद्धविराम कायम गराउन भूमिका खेलेका अमेरिका, इजिप्ट, कतार र टर्कीलाई इजरायली सेनाले आफ्नो नियन्त्रणमा लिएको क्षेत्र थप विस्तार गर्न रोक्न, नागरिकको सुरक्षा गर्न र गाजाको पुनर्निर्माणमा सहयोग गर्न आग्रह गरेको छ । साथै, विस्थापित प्यालेस्टिनीलाई सुरक्षित र स्वेच्छाले आफ्नो घर फर्कन सक्ने अवस्था सुनिश्चित गर्न पनि उसले आह्वान गरेको छ ।

विश्व सङ्क्षेप

अमेरिकाको निर्भरता घटाउन क्यानाडा-ईयू सहकार्य

टोरन्टो, २९ अक्टोबर (एपी) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको व्यापार नीतिबिच क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीले युरोपेली सङ्घ (ईयू) सँग व्यापार, रक्षा र आर्थिक सहकार्य विस्तार गर्न पहल गर्नुभएको छ । तर, क्यानाडालाई ईयूको 'सहयोगी सदस्य' बनाउने प्रस्तावमा फ्रान्स र जर्मनीसहित केही सदस्य राष्ट्रले असन्तुष्टि जनाएका छन् ।

युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयन र युरोपेली परिषद्का अध्यक्ष एन्टोनियो कोस्टा मोन्ट्रियलमा आयोजित शिखर सम्मेलनमा सहभागी हुँदै हुनुहुन्छ । सम्मेलनमा व्यापार, रक्षा, प्रविधि, अनुसन्धान र महत्त्वपूर्ण खनिजमा सहकार्य बढाउने प्रस्ताव छ । कार्नीले साझेदारीको नामभन्दा त्यसबाट नागरिक, व्यवसायी र अनुसन्धानकर्ताले पाउने अवसर महत्त्वपूर्ण हुने बताउनुभएको छ ।

ट्रम्पले प्रस्तावित सम्बन्धलाई 'शत्रुतापूर्ण कार्य' ठान्न सकिने र आवश्यक परे युरोपमाथि भन्सार शुल्क लगाउन सकिने चेतावनी दिएका छन् । क्यानाडाली अधिकारीहरूले भने ईयूसँगको सहकार्य अमेरिकाविरुद्ध लक्षित नभई साझा हितमा आधारित रहेको बताएका छन् ।

क्यानाडाले थप ७२ अमेरिकी एफ-३५ लडाकू विमान खरिद गर्ने योजना पुनरावलोकन गर्दै स्विडेनको साब ग्रिपेनलाई विकल्पका रूपमा विचार गरिरहेको छ । सन् २०२५ मा क्यानाडाको कुल निर्यातको ७१.७ प्रतिशत अमेरिका गएको थियो । प्रधानमन्त्री कार्नीले आगामी दशकमा अन्य देशतर्फको निर्यात दोब्बर बनाउने लक्ष्य राख्नुभएको छ ।

क्यानाडा र ईयूबिच डिजिटल व्यापार तथा महत्त्वपूर्ण खनिजमा लगानी बढाउने विषयमा पनि छलफल भइरहेको छ । प्रस्तावित साझेदारीले अमेरिकी अर्थतन्त्र र सुरक्षामाथिको निर्भरता घटाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

इरानमा आक्रमणको सम्भावनाबिच अमेरिकी सैन्य अधिकारी हटाइए

वासिङ्टन, २९ अक्टोबर (एएनआई) । अमेरिकाले इरानमाथि नयाँ आक्रमण गर्ने सम्भावनाबारे विचार गरिरहेका बेला युद्धमन्त्री पीट हेग्सेथले पेन्टागनका वरिष्ठ योजना अधिकारी लेफ्टिनेन्ट जनरल ब्रेट सिल्भियालाई पदबाट हटाएका छन् । सीएनएनका अनुसार संयुक्त चिफ्स अफ स्टाफअन्तर्गत रणनीति, योजना तथा नीतिका निर्देशक सिल्भियालाई हटाउनुको कारण खुलाइएको छैन ।

यो घटना हेग्सेथले वरिष्ठ सैन्य अधिकारीहरूलाई पदबाट हटाउँदै आएको शृङ्खलाको पछिल्लो उदाहरण हो । यसअघि सेना प्रमुख जनरल च्यान्डी जर्ज, जनरल डेभिड होडन, नौसेना सचिव जोन फेलान तथा साइबर कमान्ड र राष्ट्रिय सुरक्षा एजेन्सीका प्रमुख जनरल टिमोथी हग पनि पदबाट हटाइएका थिए । जर्ज र हेग्सेथबिच इरान द्वन्द्वका विषयमा मतभेद रहेको विवरण सार्वजनिक भएको थियो ।

यसैबिच, इरानका सर्वोच्च नेता अयातुल्ला सैयद मोजताबा खमेनीले क्षेत्रीय रूपमा कायम 'न युद्ध न शान्ति' को अवस्था अन्त्य गर्न आह्वान गर्नुभएको छ । राष्ट्रपति मसुद पेजेस्कियानले सम्भावित खतरा, प्रतिबन्ध र बाह्य दबाबको सामना गर्न राष्ट्रिय सहनशीलता बढाउनुपर्ने बताउनुभएको छ ।

इरानी मन्त्रिपरिषद्को बुधबारको बैठकमा वर्तमान अवस्थाको व्यवस्थापन र सम्भावित परिस्थितिको सामना गर्ने तयारीबारे छलफल भएको थियो । विदेशमन्त्री अब्बास अराघचीले कतारी प्रतिनिधिमण्डल र पाकिस्तानका सेना प्रमुखको भ्रमणसहितका कूटनीतिक गतिविधि तथा क्षेत्रीय परामर्शबारे प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

इरानसँग वार्ता अघि बढाउन भान्सको पत्र

वासिङ्टन, २९ अक्टोबर (एएनआई) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानमाथि पुन: सैन्य आक्रमण गर्ने धम्की दिइरहेका बेला उपराष्ट्रपति जे. डी. भान्सले शान्ति वार्ता अघि बढाउने प्रयासमा इरानका प्रभावशाली नेता मोहसेन रेजाईलाई पत्र पठाएका छन् । 'द वाल स्ट्रिट जर्नल' का अनुसार ट्रम्पकै निर्देशनमा पठाइएको पत्रको उद्देश्य दुई देशबिच वार्ताको सम्भावना खोज्नु हो ।

इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का सचिव तथा इस्लामिक रिभोलुसनरी गार्ड कर्प्सका पूर्वकमाण्डर रेजाईले इरानका आधारभूत माग पूरा नभएसम्म अमेरिकासँग वार्ता नगर्ने बताउनुभएको थियो । यसअघि भान्सले युद्ध लम्बिने जोखिमप्रति चिन्ता व्यक्त गर्दै कूटनीतिक समाधानको पक्षमा धारणा राख्नुभएको थियो । ट्रम्पले उहाँलाई प्रमुख वार्ताकार नियुक्त गरेपछि भान्सले सम्झौताको प्रयासमा दुईपटक विदेश यात्रा गर्नुभएको थियो ।

हर्मुज जलडमरु हुँदै समुद्री आवागमन सञ्चालन गर्ने विषयमा मतभेद भएपछि जुनमा भएको समझदारी दुई सातामै भङ्ग भएको थियो । कतार र पाकिस्तानको सहजीकरणमा भएका पछिल्ला वार्ता पनि निष्कर्षमा पुग्न सकेका छैनन् । अमेरिकाले इरानसँग आणविक कार्यक्रममा अग्रिम छुट मागिरहेको छ भने इरानले तत्काल आर्थिक राहत चाहेको छ ।

यसैबिच, ट्रम्पले मध्यावधि चुनावपछि इरानमाथि छोटो र तीव्र सैन्य आक्रमण गर्ने विकल्पबारे विचार गरिरहनुभएको छ । उहाँले इरानले सम्झौतामा पुग्ने प्रयास लम्ब्याएको आरोप लगाउँदै आउनुभएको छ । बढ्दो युद्ध र इन्धनको मूल्यले रिपब्लिकन उम्मेदवारलाई चुनावी चुनौती थपिरहेका बेला सन् २०२८ को राष्ट्रपतीय उम्मेदवारीका सम्भावित दाबेदार भान्सले विदेश नीति र घरेलु राजनीतिक जोखिमबिच सन्तुलन मिलाउनुपर्ने भएको छ ।

मध्यपुर थिमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
थिमि, भक्तपुर

करार सेवामा पदपूर्तिको अन्तिम नतिजा प्रकाशन गरिएको सूचना

सूचना प्रकाशित मिति:२०८३/०७/१३

यस नगरपालिकाबाट देहायका पदहरूमा करार सेवामा पदपूर्तिको लागि प्रकाशित सूचनाअनुसार विभिन्न मितिमा सञ्चालन गरिएको लिखित परीक्षा, प्रयोगात्मक परीक्षा, अन्तर्वार्ता तथा शैक्षिक योग्यता र स्थानीय बापतको अङ्कसमेतको आधारमा उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरूमध्येबाट देहायका उम्मेदवारहरू सफल हुनु भई पदपूर्ति समितिको सिफारिस भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

सफल उम्मेदवारहरूले नियुक्तिको लागि यो सूचना प्रकाशित मितिले सार्वजनिक बिदाबाहेक सात दिनभित्र यस नगरपालिका कार्यालयमा सम्पर्क गर्नहुनसमेत जानकारी गराइन्छ ।

विज्ञापन नं. ४/०८२/८३ **पद: कम्प्युटर सहायक (चौथो)**

सफल उम्मेदवारहरू

सि.नं.	रोल नं.	उम्मेदवारको	
		नाम, थर	ठेगाना
१	००४०६६	आरती श्रेष्ठ	मध्यपुर थिमि न.पा.-४, भक्तपुर
२	००४१५०	मनकेशरी प्रजापति	मध्यपुर थिमि न.पा.-५, भक्तपुर
३	००४५४७	आश्रित बज्राचार्य	मध्यपुर थिमि न.पा.-४, भक्तपुर
४	००४१४९	अनु श्रेष्ठ	मध्यपुर थिमि न.पा.-४, भक्तपुर
५	००४२६०	सनिल श्रेष्ठ	मध्यपुर थिमि न.पा.-४, भक्तपुर
६	००४२५५	प्रमिला श्रेष्ठ	मध्यपुर थिमि न.पा-४, भक्तपुर
७	००४१४८	सन्जु प्रजापति	मध्यपुर थिमि न.पा.-९, भक्तपुर
८	००४०५१	सुजल प्रजापति	मध्यपुर थिमि न.पा.-६, भक्तपुर
९	००४२५६	कल्पना प्रजापति	मध्यपुर थिमि न.पा.-८, भक्तपुर
१०	००४१५१	राज्यलक्ष्मी कायस्थ	मध्यपुर थिमि न.पा.-८, भक्तपुर
११	००४१७३	सत्यलक्ष्मी प्रजापति	मध्यपुर थिमि न.पा.-६, भक्तपुर
१२	००४२४४	जमुना राजबाहक	मध्यपुर थिमि न.पा.-९, भक्तपुर
१३	००४१४७	अन्जली घो	मध्यपुर थिमि न.पा.-८, भक्तपुर
१४	००४५६४	राधिका मानन्धर	मध्यपुर थिमि न.पा.-५, भक्तपुर

वैकल्पिक उम्मेदवारहरू

सि.नं.	रोल नं.	उम्मेदवारको	
		नाम, थर	ठेगाना
१	००४०३९	सोना श्रेष्ठ	सूर्यविनायक न.पा.-२, भक्तपुर
२	००४०७६	रोहितकुमार साह	गौर न.पा.-७, रौतहट
३	००४१४२	संदेश सापकोटा	तानसेन न.पा.-१४, पाल्पा
४	००४५८५	जतिन राउत	जितपुर सिमरा उप.म.न.पा-३, बारा
५	००४२७८	दीपिका भण्डारी	मेलुङ गा.पा.-७, दोलखा

प्रमुख प्रशासकीय अधिकृत

नेताहरू किन मन्दिर धाउँदैनन् ?

✍ मोहिनी

अस्ति एउटा कुरा, आज अर्को कुरा भन्नुहोला !
कुरा साँचो हो । जसरी हुन्छ, सत्ताको गुलियो चाख्न पल्केका 'नेताहरू' मन्दिर धाउँछन् । जसरी हुन्छ, जनताको 'मन कब्जा गर्न' चाहने 'नेताहरू' मन्दिर धाउँछन् । तर, जनताका सच्चा र असल नेताहरू मन्दिर धाउँदैनन् ।
लौ, यो त कम्युनिस्ट कुरा भयो भन्नुहोला फेरि !

कम्युनिस्टहरू मात्र होइनन्

कम्युनिस्ट विचार नमान्ने गैरकम्युनिस्ट नेताहरू पनि धर्म र ईश्वरको पछाडि नलागेका धेरै उदाहरण छन् संसारमा ।

संरा अमेरिकालाई बेलायती उपनिवेशवादबाट मुक्त गर्ने र स्वतन्त्रताको जग हाल्ने सबैजसो अमेरिकी राजनेता चर्च वा मन्दिर धाउँदैनथे । उल्टो उनीहरू बाइबलको खण्डन गर्थे । तर्कसङ्गत विचारलाई मलजल गर्थे । अमेरिकी संविधानका मस्यौदाकार मानिने थोमस जेफरसन, बेन्जामिन फ्रेङ्कलिन हुन् वा प्रजातन्त्रको क्लासिक व्याख्या गर्ने अब्राहम लिङ्कन; उनीहरू आफ्नो समयका बुद्धिवादी थिए । ब्राह्मणवादी भाषामा भन्ने हो भने उनीहरू नास्तिक थिए । मर्ने बेला उनीहरूले ईश्वरलाई साक्षी राख्न मानेनन् । (विस्तृत विवरणका लागि क्रिस्टोफर हिचेन्सको पुस्तक 'महान् छैनन् भगवान' पढौं ।)

अमेरिकाका संस्थापक नेताहरूलाई धेरै प्रभावित पारेका विचारक थिए, थोमस पेन । उनी खुला विचारका हिमायती थिए । उनले बाइबलमा भएका विसङ्गतिहरूलाई चिरफार गरेर 'तर्कवितर्कको युग' नामक रचना लेखे । नैतिकताका दृष्टिले बाइबलको 'पुरानो करार' काम नलाग्ने उनको निष्कर्ष थियो । त्यस्तै, उनको अर्को प्रसिद्ध रचना थियो, 'मान्छेको अधिकार' । त्यो रचनामा संसारको कुनै पनि सरकार तीन तरिकाले चल्ने बताए । पहिलो, अन्धविश्वास । दोस्रो, शस्त्रबल । तेस्रो, समाजको साझा हित । यीमध्ये पहिलो खालको सरकारमा धार्मिक मठाधीशहरूको दबदबा हुन्छ, दोस्रोमा कब्जाकारीहरूको रजगज चल्छ र तेस्रो तर्कले चल्छ भन्ने थोमस पेनको निष्कर्ष थियो । उनी आफ्ना विचारलाई निकै सरल भाषामा लेख्थे । त्यसैले, अमेरिकाको वैचारिक जग निर्माणमा उनको ठुलो देन थियो । फ्रान्स र बेलायतमा पनि उनलाई उत्तिकै सम्मान गरिन्थ्यो । तर, धार्मिक मठाधीशहरूका आँखामा उनी सधैँ कसिङ्गर भइरहे । (विस्तृत अध्ययनका लागि बर्ट्रान्ड रस्सलको पुस्तक 'म किन क्रिस्चियन होइन' पढौं । नवौं अध्याय ।)

हाम्रै छिमेकी देश भारतका प्रथम प्रधानमन्त्री जवाहरलाल नेहरू वैज्ञानिक चेतका प्रवर्द्धक थिए । वैज्ञानिक चेत प्रचार गर्न उनले अलग्गै विश्वविद्यालयको जग हाले । वैज्ञानिक दृष्टिकोणबारे उनको यो परिभाषा निकै चर्चित छ, "वैज्ञानिक दृष्टिकोण साहसिलो हुन्छ, आलोचनात्मक हुन्छ । वैज्ञानिक दृष्टिकोण खोज हो, सत्य र नयाँ ज्ञानको । यो एउटा सोच हो, कुनै पनि दाबीलाई नजाँचेसम्म नपत्याउने । यो एउटा हिम्मत हो, नयाँ प्रमाणहरूको प्रकाशमा पुराना मान्यताहरूलाई बदल्ने । वैज्ञानिक दृष्टिकोण भनेको पुराना मनगढन्ते परिकल्पनाको सट्टा जाँचिसकेको सत्यमा विश्वास गर्नु हो । र हो - विचारहरूलाई अनुशासनमा बाँध्ने योग्यता । (गौहर रजाले आफ्नो पुस्तक 'मिथकदेखि विज्ञानसम्म' मा उद्धृत गरेअनुसार ।)

मन्दिर धाउन छोड्ने भगतसिंह

भगतसिंहलाई भारतमा शहीद-ए-आजम भनिन्छ । सहिदहरूमा पनि सबैभन्दा उच्च कोटीका सहिद थिए । २३ वर्षको कलिलो उमेरमै भारतको भूत र भविष्यको रेखाचित्र कोरेर उनी बिदा भए । उनले देखाएको बाटोमा हिँडे आज पनि भारत र भारतका बहुसङ्ख्यक जनताका धेरै समस्या समाधान हुने विद्वानहरूको मत छ ।

सन् १९३० को अक्टोबर महिनामा भगतसिंह लाहोर जेलमा थिए । उपनिवेशवादी अङ्ग्रेज सरकारले भगतसिंहलाई फाँसीको सजाय सुनाइसकेको थियो । मर्ने बेलामा पनि ईश्वरको जपतप नगरेको देखेर उनको आलोचना भयो । मृत्यु पर्खिरहेका भगतसिंहलाई साथीहरूले 'अहङ्कारी'



भन्न थाले । 'फाँसीमा झुन्डिनुभन्दा अगाडि तिमीले पक्कै ईश्वरलाई सम्झिनेछौ' भने । भगतसिंहले जवाफ लेख्नैपर्ने भयो । त्यसैले मर्नुभन्दा ५/६ महिनाअघि उनले लेखे एउटा कालजयी लेख - म किन नास्तिक हुँ ? यसमा उनले क्रान्तिकारी साथीहरूलाई गम्भीर जवाफ दिएका छन् ।

भगतसिंह सधैँ नास्तिक थिएनन् । सानोमा आस्तिक थिए उनी । कतिसम्म आस्तिक भने क्याम्पसमा पढ्दै गर्दा उनी दिनहुँ गायत्री मन्त्र जप्थे । उनका हजुरबुबा आर्यसमाजी थिए । त्यो बेला जातीय भेदभावको विरोध गर्ने, बालविवाह र विधवा विवाहको पक्ष लिने प्रगतिशील विचार थियो आर्यसमाजको । भगतसिंहका बुबा उदार सोचका थिए । दुई काका देशभक्त थिए । स्वतन्त्रता सङ्ग्रामीहरूको परिवार थियो ।

क्याम्पस पढ्दै जाँदा भगतसिंहले धर्म र विज्ञानबारे बुझ्दै गए । तैपनि, धर्मको मामिलामा उनी अल्लारे थिए । पछि उनी क्रान्तिकारी सङ्गठनमा लागे । यसबेला पनि धर्मबारे उनी गम्भीर थिएनन् । उनी समाज र परिवारका लागि मानिदिन्थे । उनी लेख्छन्, "त्यो बेला म रुमानी थिएँ, आदर्शवादी क्रान्तिकारी थिएँ ।"

पछि भगतसिंहले सङ्गठनको नेतृत्व गर्ने जिम्मेवारी पाए । यसपछि सबथोक बदलियो । भारतका क्रान्तिकारीहरू भगवानभरोसे पाराले सङ्घर्ष गर्दै थिए । "लड्दै जाऊ, मर्दै जाऊ, कालकोठरी खाऊ, निर्वासन जाऊ, अङ्ग्रेजहरू आफै भारत छोडेर जानेछन्" - यो सोच व्याप्त थियो स्वतन्त्रता आन्दोलनमा । अन्धविश्वास र रहस्यवाद व्याप्त थियो । क्रान्तिकारीहरू 'कर्म गर, फलको आशा नगर' भन्ने 'भागवात गीता' को मर्मअनुसार काम गर्दै थिए । जेलमा कतिपय क्रान्तिकारीहरू निरन्तर धर्मग्रन्थको अध्ययन गर्थे । (नेपालमा राणाशासनको विरोध गर्ने क्रान्तिकारीमा पनि यही प्रवृत्ति थियो ।) यो देखेर भारतका कतिपय क्रान्तिकारीहरू निराश पनि थिए ।

सङ्गठनको नेतृत्व सम्हालेपछि भगतसिंहले देशविदेशका क्रान्ति र तिनका क्रान्तिकारीको गहन अध्ययन गर्न थाले । उनी आफै लेख्छन्, "यथार्थवाद मेरो धर्म बन्यो ।" उनले भारतको स्वतन्त्रता सङ्ग्राममा देखापरेका विभिन्न विचारको लेखाजोखा राखे, कमीकमजोरी केलाए । विगतको ठोस समीक्षा गरे । विगत र वर्तमानको ठोस समीक्षाकै आधारमा भविष्यका लागि सटिक मार्गचित्र कोर्न सकिन्थ्यो । भगतसिंहले त्यही गरे ।

भगतसिंहले भारतमा अङ्ग्रेजहरूले रोपेको साम्प्रदायिकताको विषवृत्त नै स्वतन्त्रता सङ्ग्रामको मुख्य बाधक माने । उनले लेखे, "जाति-धर्मको झगडा छोड, सही लडाइँसँग साइनो जोड ।" जनताबिच व्याप्त साम्प्रदायिकताका कारण जनतामा वास्तविक एकता नभएको जाति-धर्मका नाममा विभिन्न सङ्गठन बनेको उनको बुझाइ थियो । त्यसैले अङ्ग्रेज उपनिवेशवादविरुद्ध लड्न सच्चा एकता चाहिन्छ भन्ने उनको निष्कर्ष थियो । यसपछि भगतसिंहका सङ्गठनले ठाउँठाउँमा गएर साम्प्रदायिक एकताको प्रचार गर्न थाले । भारतमा आज पनि यो प्रचार जारी छ । भगतसिंहको नाममा यसखाले धेरै सङ्गठन सक्रिय छन् त्यहाँ ।

धर्मबारे भगतसिंहको बुझाइ वैज्ञानिक छ । सारमा, उनको विचारलाई यसरी राख्छन्, आदिम युगमा धर्मले मान्छेको मनोबल बढाएको थियो । त्यसैले उपयोगी थियो । पछि घमन्डी र लोभी ब्राह्मणहरूले जानाजान जनतालाई अज्ञानी राखे । मनुस्मृतिजस्ता लज्जास्पद कृति लेखे । 'राजाविरुद्ध विद्रोह गर्नु पाप हो' भने । उनीहरूको सूत्र थियो, "मान्छेमा अमर बन्ने लोभ जगाऊ र उसलाई लुट्नुसम्म लुट ।" हरेक धर्मका मठाधीशहरूको धनी बन्ने मन्त्र यही हो । (विस्तृत बुझाइका लागि भगतसिंहको कृति 'म किन नास्तिक हुँ ?' पढौं ।)

अन्धविश्वासी बनेर भारतलाई मुक्त बनाउने जिम्मेवारी पूरा गर्न सकिँदैनथ्यो । देशलाई मुक्त गर्न मान्छे साहसिलो बनेर आफ्नै पौरखमा भर पर्नुपर्थ्यो । त्यही भएर भगतसिंह नास्तिक बने । यो कुनै अहमता थिएन । बरु, यथार्थपरक सोच्ने तरिकाले उनी नास्तिक बने ।

सच्चा नेता कस्तो हुन्छ ?

हाम्रोभन्दा पिछडिएको देश हो बुर्किना फासो । यो वर्ष त्यहाँको सरकारले सुन्दरी प्रतियोगिता बन्द गरेर विज्ञान मेला आयोजना गऱ्यो । महिलाहरूबिच विज्ञान प्रतियोगिता गरायो । मरुभूमिमा स्याउ फलाइरहेको छ आज बुर्किना फासोले । सिँचाइ आयोजना चलाएर जमिन हराभरा पार्दै छ ।

बुर्किनाबे जनताका आजका नेता इब्राहिम त्राओरे हाम्रो युगका सच्चा नेता हुन् । उनी चर्च वा मन्दिर धाएको खबर छैन । उनले धर्मगुरुहरूलाई अघि लगाएको वा होम गराएको, प्रार्थनासभा गराएको खबर छैन । लाग्छ, वैज्ञानिक चेतले मात्र देशलाई विकासपथमा लम्काउन सक्छ भन्ने विचारमा प्रतिबद्ध छन् उनी । त्यसैले गम्भीर छन् । जनताप्रति जिम्मेवार छन् । विदेशीलाई उपनिवेशवादीहरूसामु झुक्दैनन् । आफ्नै बुद्धि र पौरखमा भर पर्दै छन् । विचारधाराका दृष्टिले न उनी कम्युनिस्ट हुन् न गैरकम्युनिस्ट । बरु, एक सच्चा नेता हुन्; असल नेता हुन्; देशभक्त नेता हुन् ।

आफ्नै भर पर्न ठुलो आँट चाहिन्छ । वैज्ञानिक चेतले त्यो आँट दिन्छ । मन्दिर धाएर, घण्टी बजाएर जनता त लठ्ठ होलान्, देश जहाँको तहीं रहन्छ । सच्चा नेताले जनतालाई लठ्ठ पारेर सुताउँदैन बरु वैज्ञानिक चेत दिएर बिउँझाउँछ । विज्ञान र प्रविधिमा जोड दिन्छ । कसैको आसे बन्ने होइन, आफ्नो भाग्यको मालिक आफै बन्नुपर्छ भनी सिकाउँछ । यस्तो नौलो समाजलाई बर्ट्रान्ड रस्सल 'असल संसार' भन्छन् । त्यो समाजबारे उनी लेख्छन्, "असल संसारका निम्ति ज्ञान, करुणा र साहस चाहिन्छ । यसका निम्ति युगौँ अगाडिका अज्ञानी ऋषिहरूका शब्दसामु आफ्नो चेतनालाई कुँजो पार्ने होइन अथवा पछुतोको स्वरमा विगतको स्तुति गाउने होइन । असल संसार बनाउनका निम्ति निडर दृष्टिकोण चाहिन्छ । स्वतन्त्र बुद्धि चाहिन्छ ।" (बर्ट्रान्ड रस्सल, म किन क्रिस्चियन होइन, पेज २३ ।)

जसरी हुन्छ, चुनाव जित्ने लोभले गर्दा विगतमा हाम्रा 'नेताहरू' ले प्रशस्त्रै अन्धविश्वासको प्रचार गरे । जनतालाई भावुक बनाएर आफ्ना पछि भेँडाजस्तो हिँडाउन सजिलो बाटो हिँडे । मन्दिर धाए, घण्टी बजाए । तर, जनताको बुद्धि तिखारेर, चेतना खारेर तिनको जीवनस्तर उकास्नु नै सच्चा नेताको परिचय हो । यसको लागि कम्तीमा 'मन्दिर धाउने' परिपाटी तोड्नुपर्छ । जनताले पनि तथाकथित 'नेता' र सच्चा नेता चिन्न सिक्नुपर्छ । यो भेद छुट्याउने एउटा कसी हुन सक्छ - "को मन्दिर धाउँछ ? को धाउँदैन ?"

आज फ्रान्स किन जलिरहेको छ ?

✍ हिमालयश्वर

फ्रान्स सर्वहारा मजदुरवर्गको रगतले सिञ्चित क्रान्तिको भूमि हो । सन् १८७१ को 'पेरिस कम्युन' विश्वमा पहिलोपटक सर्वहारा मजदुरवर्गले निरङ्कुश सत्ताविरुद्ध विद्रोह गरी ७१ दिनसम्म आफ्नो झन्डा फहराउन सफल भएको ऐतिहासिक घटना थियो । पेरिस कम्युनले सर्वहारा मजदुरवर्ग एकजुट भएर सङ्घर्ष गर्न सके क्रान्तिले विजय प्राप्त गर्न सक्छ भन्ने सन्देश विश्वलाई दिएको थियो ।

आज फ्रान्समा भइरहेको आन्दोलनले पेरिस कम्युनको सम्झना गराइरहेको छ । वामपन्थी शक्तिहरूको विशाल जुलुस र जनप्रदर्शनले फ्रान्सको राजनीतिक कुलीनहरूलाई झस्काएको आभास हुन्छ । फ्रान्समा भइरहेको आन्दोलन नौलो भने होइन । सन् २०२२ मा कोरोना महामारीले थलिएको अर्थतन्त्र सम्हालिन नपाउँदै रुस-युक्रेन युद्धका कारण फ्रान्समा आर्थिक मन्दीको प्रभाव देखिन थालेको थियो । युक्रेन युद्धलाई कारण देखाउँदै अमेरिका, नेटोलगायत पश्चिमी देशहरूले रुसमाथि आर्थिक नाकाबन्दी लगाए । त्यसको प्रभाव पश्चिमी मुलुकहरूको ऊर्जा आपूर्ति र अर्थतन्त्रमा पनि पऱ्यो । फ्रान्समा बढेको महँगीले जनजीवन कष्टकर बनायो । यसैबिच नवउदारवादी एकाधिकार पुँजीवादका समर्थक राष्ट्रपति इमानुएल म्याक्रोनविरुद्ध जनप्रदर्शन चर्किन थाल्यो ।

सन् २०२२ को युरोपेली संसद्को निर्वाचनमा फ्रान्समा म्याक्रोनको राजनीतिक शक्तिलाई धक्का लागेपछि राष्ट्रपति म्याक्रोनले संसद् विघटन गरी मध्यावधि निर्वाचन घोषणा गरे । त्यसपछि भएको निर्वाचनमा वामपन्थी गठबन्धन 'न्यु पपुलर फ्रन्ट' सबैभन्दा ठुलो राजनीतिक शक्तिका रूपमा उदायो । यसले म्याक्रोनको राजनीतिक सङ्कटलाई थप गहिरो बनायो । वामपन्थी गठबन्धनले दैनिक उपभोग्य वस्तुको बढ्दो मूल्य, ग्यास तथा पेट्रोललगायत इन्धनको महँगी, पेन्सन सुधार योजनाको खारेजी, प्यालेस्टिन राज्यलाई मान्यता, रुस-युक्रेन युद्धमा युक्रेनलाई हतियार उपलब्ध गराउने नीतिको विरोध, उद्योगमा कार्यरत मजदुर तथा कर्मचारीको पारिश्रमिक वृद्धि र रोजगारी सिर्जनाजस्ता मुद्दा उठाउँदै जनतालाई सङ्गठित गर्ने प्रयास गऱ्यो ।

निर्वाचनपछि संसद्मा स्पष्ट बहुमत प्राप्त गर्न नसकेका राष्ट्रपति म्याक्रोनले सरकार सञ्चालनमा अनेक कठिनाइ भोग्नुपरेको छ । संसद्मा बहुमतको समर्थन नहुँदा प्रधानमन्त्रीहरू टिक्न नसक्ने र सरकार अस्थिर बन्ने अवस्था देखिएको छ । संसद्मा अल्पमतमा रहे पनि आफ्नो कार्यकाल पूरा गर्ने राष्ट्रपति म्याक्रोनको अडानले राजनीतिक गतिरोधलाई थप चर्काएको आलोचकहरूको भनाइ छ । देशमा जनअसन्तोष बढिरहेका बेला समस्याको समाधान खोज्नुभन्दा आगामी निर्वाचनको प्रतीक्षा गर्ने उनको दृष्टिकोणले पनि आलोचना खेपिरहेको छ ।

फ्रान्समा आन्दोलन चर्किनुका तत्कालीन कारणका रूपमा सरकारी माध्यमिक विद्यालय तथा विश्वविद्यालयको बजेट कटौती, शिक्षकको अभाव र आधारभूत सेवासुविधाको कमीलाई लिन सकिन्छ । पेरिसलगायत सहर र उपनगरमा रहेका गरिब, मजदुर तथा आप्रवासी समुदायले लामो समयदेखि विभेदको सामना गर्दै आएका छन् । त्यहाँका कतिपय विद्यालयमा चुहिने छाना, अत्यधिक गर्मी तथा चिसोबाट बच्ने पर्याप्त सुविधा नहुनु र शिक्षकको अभावमा महिनौँसम्म पढाइ प्रभावित हुनुजस्ता समस्याले राज्यप्रति असन्तोष बढाएको छ ।

सन् २०२६/२०२७ को बजेटमा शिक्षा तथा सार्वजनिक सेवाका क्षेत्रमा गरिने कटौतीको प्रस्तावले पनि जनचिन्ता बढाएको छ । बढ्दो महँगी र आम्दानीका अवसरमा आएको सङ्कुचनका कारण गरिब तथा मध्यमवर्गको जीवनयापन कठिन बन्दै गएको छ । अर्कोतर्फ, रुस-युक्रेन युद्धका कारण उत्पन्न आर्थिक दबाबका बिच फ्रान्सले युक्रेनलाई सैन्य सहयोग जारी राखेको छ । ऊर्जा आपूर्ति, इन्धन तथा खाद्यान्नको मूल्यमा परेको प्रभावले सर्वसाधारणको जीवन थप कष्टकर बनेको छ ।

जनताको आम्दानी घट्दै जाने र दैनिक जीवनयापन कठिन बन्दै जाने अवस्थामा आर्थिक स्रोतको ठुलो हिस्सा सीमित पुँजीपति, बहुराष्ट्रिय कम्पनी तथा बैङ्क मालिकहरूको हातमा केन्द्रित भइरहेको आलोचना सुनिन्छ । सार्वजनिक ऋणको भार बढ्दै जाँदा त्यसको असर गरिब, मजदुर, किसान तथा सर्वसाधारणले भोग्नुपरेको छ । सार्वजनिक सेवामा बजेट कटौती र सामाजिक सुरक्षासम्बन्धी सुविधामा सङ्कुचनले आर्थिक असमानता बढाएको छ । यी कारणले फ्रान्सको आर्थिक तथा राजनीतिक सङ्कटलाई थप गहिरो बनाएको देखिन्छ ।

यद्यपि फ्रान्स, स्पेन, बेल्जियम र इटालीलगायत युरोपेली देशहरूमा देखिएका आन्दोलनलाई नेपालको भदौ २३ र २४ को जेनजी आन्दोलनसँग एउटै दृष्टिले हेर्नु उपयुक्त हुँदैन । नेपालको जेनजी आन्दोलनको नेतृत्व र स्पष्ट राजनीतिक दिशाको अभावमा अघि बढेको आन्दोलनको रूपमा आलोचित भएको छ । सामाजिक सञ्जाल तथा डिस्कर्डजस्ता माध्यमको भूमिका र आन्दोलनमा अदृश्य शक्तिको प्रभावबारे पनि प्रश्न उठेका छन् । आन्दोलनको जिम्मेवारी कसले लिने भन्ने विषयमा स्पष्टता नदेखिएको र सेनाको पहलमा सरकार गठन भएको घटनाले नेपालको राजनीतिक परिस्थितिलाई थप बहसको विषय बनाएको छ ।

फ्रान्सको सन्दर्भमा भने विद्यार्थी तथा युवाबाट सुरु भएका आन्दोलनलाई मजदुर सङ्गठन र वामपन्थी राजनीतिक शक्तिहरूले समर्थन तथा नेतृत्व प्रदान गरेको देखिन्छ । 'न्यु पपुलर फ्रन्ट' लगायतका वामपन्थी शक्तिहरूले मजदुरवर्गका माग र सामाजिक न्यायका मुद्दालाई राजनीतिक बहसको केन्द्रमा ल्याउने प्रयास गरेका छन् । यही राजनीतिक सङ्गठन र वर्गीय मुद्दासँगको सम्बन्धले फ्रान्सको आन्दोलनलाई नेपालको जेनजी आन्दोलनभन्दा फरक बनाएको लेखकको तर्क छ ।

फ्रान्सका विभिन्न सहरमा श्रमिक सङ्गठनहरूले प्रदर्शन जारी राखेका छन् । शान्तिपूर्ण प्रदर्शन नियन्त्रण गर्ने क्रममा सुरक्षाकर्मीले प्रयोग गरेका बलका कारण बालबालिकासमेत घाइते भएको विषयमा मानव अधिकारसम्बन्धी संस्थाहरूले चासो व्यक्त गरेका छन् । सरकारले आन्दोलन नियन्त्रण गर्न ठुलो सङ्ख्यामा सुरक्षाकर्मी परिचालन गरेको छ । तर, विद्यार्थी र युवामा सीमित नरही मजदुर, श्रमिक, किसान तथा कर्मचारीसमेत आन्दोलनमा सहभागी हुन थालेपछि जनअसन्तोष व्यापक रहेको स्पष्ट हुँदै गएको छ ।

सरकारका विभेदकारी नीति, सार्वजनिक सेवामा कटौती, बढ्दो महँगी र आर्थिक असमानताविरुद्धको यो असन्तोषले फ्रान्सको राजनीतिक भविष्यमा दूरगामी प्रभाव पार्न सक्छ । आन्दोलनले सामाजिक न्याय, श्रमिक अधिकार र सार्वजनिक सेवाको संरक्षणलाई प्राथमिकता दिने राजनीतिक विकल्पको सम्भावनासमेत उजागर गरेको छ । यसले फ्रान्सलाई लोकतान्त्रिक समाजवादी व्यवस्थातर्फ उन्मुख गराउन सक्छ कि सक्दैन भन्ने कुरा भने आगामी राजनीतिक सङ्घर्ष र जनताको सङ्गठित भूमिकामा निर्भर रहनेछ ।

भक्तपुरमा...

बताउँदै उहाँले ६ वर्षको बालबालिकामा समेत स्ट्रोक भएको उदाहरण रहेको उल्लेख गर्दै यससम्बन्धी जनचेतना सबै उमेर समूहका व्यक्तिका लागि आवश्यक रहेको बताउनुभयो ।

स्ट्रोकका लक्षण समयमै पहिचान गरी बिरामीलाई तत्काल अस्पताल पुऱ्याउन सके धेरैको ज्यान बचाउन सकिने उहाँले बताउनुभयो । यस्ता जनचेतनामूलक कार्यक्रमले स्ट्रोकबारे सही जानकारी फैलाउन, समयमै उपचार खोज्ने बानी विकास गर्न तथा सम्भावित जोखिम कम गर्न महत्त्वपूर्ण भूमिका खेल्ने उहाँको भनाइ थियो ।

कार्यक्रममा मिस नेपाल वर्ल्ड २०२६ दीपमाला ढकालले स्ट्रोकसम्बन्धी जनचेतना फैलाउन यस्ता कार्यक्रम आवश्यक रहेको बताउँदै स्ट्रोक जुनसुकै व्यक्तिलाई पनि हुनसक्ने भएकोले यसबारे आम नागरिकलाई जानकारी दिनु र समयमै सचेत गराउनु महत्त्वपूर्ण रहेको बताउनुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै न्युरोलोजी विभागका विभागीय प्रमुख डा. एञ्जिल महर्जनले स्ट्रोकसम्बन्धी जानकारी आम जनमानससम्म पुऱ्याउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

स्ट्रोक मस्तिष्कमा रक्तप्रवाह अवरुद्ध हुँदा वा मस्तिष्कको रक्तनली फुटेर रक्तस्राव हुँदा हुने गम्भीर अवस्था भएको उल्लेख गर्दै उहाँले यसको लक्षण देखिनेबित्तिकै बिरामीलाई अस्पताल पुऱ्याउनुपर्नेमा जोड दिनुभयो । समयमै उपचार सुरु गर्न सकेमा स्ट्रोकबाट हुने जोखिम र जटिलता कम गर्न सकिने उहाँले बताउनुभयो ।

स्ट्रोकको शङ्का लागेमा बिरामीको अवस्थाअनुसार तत्काल सीटी स्क्यान वा एमआरआईजस्ता परीक्षण गरी रोगको प्रकृति पहिचान गर्नुपर्ने उहाँले जानकारी दिनुभयो । स्ट्रोकका बिरामीलाई जतिसक्दो छिटो अस्पताल पुऱ्याउनु महत्त्वपूर्ण हुने बताउँदै उहाँले लक्षण देखिएको सुरुवाती घण्टाहरू उपचारको दृष्टिले विशेष महत्त्वपूर्ण हुने उल्लेख गर्नुभयो ।

कार्यक्रमअन्तर्गत भक्तपुरको दत्तात्रयमा नि:शुल्क स्वास्थ्य परीक्षण शिविर सञ्चालन भएको थियो । विश्व स्ट्रोक दिवसको अवसरमा भक्तपुर दरबार क्षेत्रबाट जनचेतनामूलक ज्याली निकालिएको थियो ।

ज्याली खौमा, इताछ्रिं, तेखापुखु, वंशगोपाल, तालाक्व, सुकुलढोका, गोल्मढी, इनाचो हुँदै दत्तात्रयमा पुगेर सम्पन्न भएको थियो । ज्यालीमा स्ट्रोकसम्बन्धी जनचेतना अभिवृद्धि गर्दै समयमै लक्षण पहिचान गरी उपचार गराउनुपर्ने सन्देश प्रवाह गरिएको थियो ।

कार्यक्रमअन्तर्गत दत्तात्रयमा आयोजित नि:शुल्क स्वास्थ्य परीक्षण शिविरमा ३२९ जनाले स्वास्थ्य परीक्षण गराएका थिए ।

विश्वले...

"क्युवा पछि हट्नेछैन र कुनै अमेरिकी दबाब र आदेशको पालना गर्नेछैन"

क्युवाली राष्ट्रपति मिगुएल डियाज-क्यानेल बर्मुडेजले बुधबार सामाजिक सञ्जाल एक्समा आफ्नो खातामार्फत क्युवाली टापुले अमेरिकी साम्राज्यवादको आक्रमणमा झुक्ने छैन भन्ने कुरालाई पुन: पुष्टि गर्नुभयो ।

"क्युवा पछि हट्नेछैन, विशेष गरी अमेरिकी दबाब र आदेश मान्दैन । अनादर, अहङ्कार र साम्राज्यवादी गुण्डागर्दी व्यवहारविरुद्ध यस्तो दृढ अडानका लागि हाम्रो देशको प्रतिनिधिमण्डलप्रति बधाई ।" राष्ट्रपतिले डिजिटल प्लेटफर्ममा लेख्नुभयो ।

आफ्नो सन्देशमा राज्य प्रमुखले जोड दिनुभयो, "यो संयुक्त राष्ट्रको मुख्यालय हो, राज्यहरूबिच सार्वभौम समानताको ठाउँ हो, जहाँ क्युवाले सधैं जो कोहीको विरुद्धमा, संयुक्त राष्ट्रको बडापत्र र नियमले दिएको अधिकारको रक्षा गर्नेछ, साथै आफ्ना जनता र आफ्ना नायकहरूको मर्यादा कायम राख्नेछ ।"

संचित बचत तथा ऋण सहकारी संस्था लि.

भुलाँचा-४, भक्तपुर, फोन नं.: ०१-६६२००३३, ६६१७०३३

१७ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

मिति २०८३ असोज ०३ गते, शनिबारका दिन बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस संस्थाको १७ औं वार्षिक साधारणसभा तथा छैठौं अधिवेशन निम्न मिति, समय र स्थानमा हुने व्यहोरा सहर्ष जानकारी गराउँदै उक्त कार्यक्रममा यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछ ।

कार्यक्रम

मिति : २०८३ कार्तिक १४ गते, शनिबार
समय : बिहान ८:०० बजे
स्थान : भक्तपुर पार्टी भेन्यू, ग:पली, भक्तपुर
नोट : संस्थाको पासबुक साथमा लिई सदस्य आफै उपस्थित हुनुपर्नेछ ।

सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं

- सामाजिक सञ्जालमा जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने तथा भ्रम सिर्जना गर्ने कार्य नगरौं ,
- राष्ट्रिय सुरक्षा र एकतामा आँच नपुऱ्याऔं,



- कसैको प्रतिष्ठा, मर्यादा र आत्मासम्मानमा ठेस नपुऱ्याऔं,
- जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना नगरौं,
- शान्ति सुरक्षामा खलल पार्ने एवम् प्रचलित कानूनले रोक लगाएका सामग्रीहरु पोष्ट, शेयर, ट्याग, ह्यासट्याग, जस्ता कार्यहरु कानूनत: दण्डनीय हुन्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८३/०७/१३ गते

भक्तपुर नगरपालिकाबाट सञ्चालन गरिने **आदर निकेतन** (वृद्धाश्रम) को लागि १६ जना क्षमताको Electric Van गाडी १ थान खरिद गर्न मिति २०८३/०५/०१ र पुन: मिति २०८३/०६/२१ मा बोलपत्र आह्वानसम्बन्धी प्रकाशित सूचनाअनुसार म्यादभित्र पर्न आएका बोलपत्र सम्बन्धमा मिति २०८३/०७/१२ मा बोलपत्र मूल्याङ्कन समितिबाट सार्वजनिक खरिद ऐन २०६३, दफा २५ (५क) बमोजिम मूल्याङ्कित औसत अङ्क सारभूत रूपमा प्रभावग्राही देहायका बोलपत्रदाता छनोट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल

ठेक्का.नं.	कामको विवरण	छनोट भएका बोलपत्रदाताको नाम र ठेगाना	न्यूनतम कबोल अङ्क (भ्याटसहित रू.)
Bktmun/GOODS/NCB03/083/84	सवारी साधन Electric Vechicle (EV-Van) seating capacity of 16 passengers - 1 pcs खरिद कार्य	सी.जी. मोटर्स प्रा.लि., सानेपा, ललितपुर	७७,९९,९९९,९९

अद्धा बचत तथा ऋण सहकारी संस्था लि.


भक्तपुर-७, जगाती, फोन नं.: ०१-६६१४७२०

कर्जा चुक्ता गर्न आउनेसम्बन्धी २१ दिने सार्वजनिक सूचना

दोस्रो पटक प्रकाशित मिति :२०८३/०७/१३

यस सहकारीबाट तपसिलमा उल्लेखित शेयर सदस्यले लिनुभएको कर्जा रकम संस्थासँग कर्जा लिँदा गर्नुभएको सर्त कबुलियतबमोजिम चुक्ता र भुक्तान नगरी सर्तहरू उल्लङ्घन गर्नुभएकोले बक्यौता रकम भुक्तानीको लागि संस्थाबाट पटकपटक मौखिक, विभिन्न मितिमा लिखितपत्रमार्फत कर्जा चुक्ता र भुक्तान गर्न तार-ताकेता गर्दासमेत सम्बन्धित ऋणीले पूर्ण बेवास्ता गरी कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरी बस्नुभएकोले तपसिलका ऋणीलाई मिति २०८३/०४/१२ गते प्रथम पटक राष्ट्रिय दैनिक हिमालय टाइम्स पत्रिकामा ऋणीलाई कर्जा चुक्ता गर्न आउनेसम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न सूचना दिँदा पनि कर्जा चुक्ता गर्न कुनै पहल नगरी बसेको हुनाले दोस्रो पटक स्थानीय पत्रिका 'मजदुर' दैनिक पत्रिकामा ऋणीलाई कर्जा चुक्ता गर्न आउनेसम्बन्धी २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र कर्जाको सम्पूर्ण सावाँ, ब्याज, हर्जानालगायत अन्य दैदस्तुर चुक्ता गर्न आउनु र ऋण रकम बुझाइसकेको भए सोको प्रमाण पेस गर्न आउनुहोला अन्यथा म्यादभित्र यस सहकारी संस्थाको सम्पूर्ण ऋण चुक्ता नभएमा सहकारी ऐन २०७४ को दफा ७९, ८३ को नियमावली २०७५ को दफा ३०, ३२ संस्थाको ऋण व्यवस्थापन नीति २०७९ र अन्य प्रचलित ऐन, कानुनबमोजिम कर्जा सुरक्षणबापत यस संस्थालाई धितो बन्धक लेखिदिएको तपसिलको सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्रीको लागि आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरासमेत सूचित गरिन्छ । कुनै कारणबस तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति संस्था आफैले सकार गरिलिन वा अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्नेछ । उक्त सम्पत्तिबाट संस्थाको सम्पूर्ण बक्यौता रकम असुलउपर नभएमा प्रचलित कानुनबमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असुलउपर गरिलिने व्यहोरासमेत सूचित गरिन्छ ।

तपसिल


क्र.सं.	ऋणीको नाम, ठेगाना	धितो विवरण	ऋणीको फोटो
१.	**ऋण नं.** : ६३००२१२ **ऋणीको नाम** : सामदेन तामाङ **ना.प्र नं.**: ३०१००८/१७६९६६ **ठेगाना** : काभ्रे, बिर्ता देउराली **बुबा** : अमृतबहादुर तामाङ **बाजे** : सार्किमान तामाङ **साक्षीको विवरण** **नाम** : सोनाम तामाङ **ठेगाना** : काभ्रे, बिर्ता देउराली **बुबा** : अमृतबहादुर तामाङ **बाजे** : सार्किमान तामाङ	सामदेन लामाको नाउँमा मालपोत कार्यालय नुवाकोटमा दर्ता श्रेस्ता कायम रहेको नुवाकोट जिल्ला जिलिङ ४ स्थित कि.नं. ८८६ र ८८९ को क्षेत्रफल ४-८-०-० (२२८९.२८ व.मि.) र ०-१२-०-१ (३८३.४७) भएको जग्गा ।	 **साक्षी** 

सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

सदस्य पहिचान (KYM) फारम अद्यावधिक गर्नुहोला

यस संस्थाका सम्पूर्ण शेयर सदस्य महानुभावहरूले देहायका कागजातसहित संस्थामा उपलब्ध **सदस्य पहिचान** (KYM) **फारम अद्यावधिक गर्नुहुन** अनुरोध छ ।



आवश्यक कागजात

१. राष्ट्रिय परिचयपत्रको प्रतिलिपि
२. हालसालै खिचेको पासपोर्ट साइजको फोटो

कार्यालय समयसम्बन्धी सूचना

यस संस्थाको कार्यालय **जाडो महिनाहरू (कार्तिक १६ गतेदेखि माघ १५ गतेसम्म)** मा निम्नानुसार सञ्चालन गरी सदस्य सेवा प्रवाह हुने व्यहोरा सम्पूर्ण सदस्यहरूलाई सूचित गराइन्छ ।

क) कार्यालय भवन: आइतबारदेखि शुक्रबारसम्म बिहान ८:०० बजेदेखि दिनको ४:०० बजेसम्म (कारोबार समय बिहान ८:०० बजेदेखि दिनको ३:०० बजेसम्म)

ख) सेवाकेन्द्रहरू: आइतबारदेखि शुक्रबारसम्म बिहान ८:०० बजेदेखि दिनको ३:०० बजेसम्म (कारोबार समय बिहान ८:१५ बजेदेखि दिनको २:३० बजेसम्म)

ग) शनिबार र अन्य संस्थागत बिदामा कार्यालय भवन: बिहान ८:०० बजेदेखि ११:०० बजेसम्म ।

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्रायातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५

Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: चक्रबहादुर चाकतु ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा